धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 09 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५१

## पूनमदेवीको हत्याको कारण चोरी
## छिमेकी युवकले हत्या गरेको प्रहरी दाबी

प्रस, वीरगंज, २१ असोज/

वीरगंज महानगरपालिका-१ बजार छपकैया निवासी ४० वर्षीया पूनमदेवी सोनारिनको हत्या छिमेकी युवकले गरेको प्रहरीले दाबी गरेको छ।

जिल्ला प्रहरी कार्यालय, पर्साले आइतवार पत्रकार सम्मेलन गरी भारत, बिहार सीतामढी नरहा ग्राम घर भई हाल वीरगंज-१ बजार छपकैया बस्दै आएकी गगनदेव सोनारकी पत्नी पूनम सोनारिनको हत्या निजकै छिमेकी २५ वर्षीय इमरान मियाँले गरेको दाबी गरेको छ।



पत्रकार सम्मेलनमा इमरान मियाँलाई सार्वजनिक गर्दै। तस्वीरः प्रतीक

प्रहरीले इमरान लागूऔषध दुर्व्यसनी रहेको पनि दाबी गरेको छ। प्रहरी उपरीक्षक कोमल शाहले चोरीको उद्देश्यले मध्यराति दुई बजे इमरान पूनमको घरको पछाडिबाट प्रवेश गरेको र सो दिन जितिया पर्व भएको कारण पूनम जाग्राम बसेकीले चोरी गर्न आएका इमरानलाई देखेकी थिइन्। सो क्रममा पहिचान खुल्ने भयले इमरानले सावेल प्रहार गरी पूनमको हत्या गरेको अहिलेसम्मको अनुसन्धानबाट खुलेको प्रउ शाहले बताए।

उनले इमरान पूनमको घरमा चोरी गर्नुपूर्व वडा नं १ वडा कार्यालयमा चोरीको उद्देश्यले गएको तर त्यहाँ चोरी गर्न नसकेपछि पूनमको घरमा चोरी गर्न पसेको दाबी गरेका छन्।

पूनम गत शुक्रवार बिहान धारिलो हतियार प्रहारबाट घाइते भएको सर्वप्रथम उनकी दिदी नीलम सोनारिनले देखेकी थिइन्। साढे तीन बजे जितियाको पूजाको लागि बहिनीलाई उठाउन पुगेकी नीलमले ओछ्यानमा बहिनी पूनम रक्ताम्य अवस्थामा देखेर उनलाई छिमेकीको सहयोगमा नारायणी अस्पताल पुऱ्याएकी थिइन् तर त्यहाँ उपचार सम्भव नभएपछि उनलाई नेशनल मेडिकल कलेज पुऱ्याइएकोमा बिहान पौने आठ बजे चिकित्सकले पूनमलाई मृत घोषणा गरेका थिए। प्रहरीले घटना सम्बन्धमा प्रशिक्षित कुकुरको प्रयोग गरेको थियो भने प्रमाणको रूपमा सो समयको सिसिटिभी फुटेज र हत्यामा प्रयोग गरिएको सावेल रहेको जनाएको छ।

दुई दिने अनुसन्धानमा प्रहरीले घटनाको उद्देश्य चोरी रहेको र सोही कारणबाट हत्या भएको दाबी गरेको छ। पूनम घरमा एक्लै बस्दै आएकी थिइन्। उनको छोरीको बिहे भइसकेको र छोरा दुई वर्षदेखि अध्ययनको सिलसिलामा दिल्लीमा छन् भने पति लामो समयदेखि भारतमैं बस्दै आएका छन्।

पूनमको वडा नं ३ वडा कार्यालयअगाडि ब्युटिपार्लर छ र प्रहरीले सो ब्युटिपार्लरमा पनि शनिवार खानतलाशी गरेको थियो।

## अहिलेको व्यवस्था सखाप पार्न चौतर्फी प्रहार -सापकोटा

प्रस, वीरगंज, २१ असोज/

पूर्वसभामुख अग्नि सापकोटाले नेपाल अहिले महासङ्कटमा परेको बताएका छन्। नेकपा माओवादी केन्द्र प्रचारप्रसार विभाग मधेस प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा वीरगंज पुगेका सापकोटाले अहिलेको व्यवस्थालाई सखाप पार्न चारैतिरबाट सङ्गठितरूपमा प्रहार भइरहेको बताए।




तस्वीरः प्रतीक

उनले अधिकांश ठाउँमा सामाजिक सद्भाव बिगार्ने कार्य भइरहेकाले तत्काल सबैतिरबाट रोक्नुपर्ने आवश्यकता रहेको बताए।

माओवादी केन्द्रका उपाध्यक्ष सापकोटाले यो समस्या समाधानको लागि तत्काल सबै दल एक हुनुपर्ने बताए। उनले गलत गतिविधि तीव्ररूपमा बढ्नु सङ्घीयताविरोधी तत्त्वहरू अरूको इशारामा परिचालित भएको बताए।

'घरघरमा माओवादी, जनजनमा माओवादी' नाराका साथ अहिले देशव्यापी अभियान चलिरहेको र सो अभियानमा सञ्चार क्षेत्रको अहम् भूमिका रहेको उनले बताए।

जसरी विज्ञान र प्रविधि अगाडि बढिरहेको छ, त्यसरी नै विचार पनि परिवर्तन गर्दै लैजाने पार्टीको मूलधार रहेको उपाध्यक्ष सापकोटाको भनाइ थियो। संविधान जोगाउन माओवादी एक्लैले अहिले काम गरिरहेको तर संसद्मा रहेका अनेक दलहरू संविधान फाल्ने पक्षमा रहेका आरोप लगाए। उनले सुशासन र भ्रष्टाचार नियन्त्रण आफ्नो दलले गर्दै आएको र अब गाउँगाउँबाट भ्रष्टाचार नियन्त्रण गर्ने उनको तर्क थियो।

जनताको साथ पाएर माओवादीले देशमा ठूलो परिवर्तन ल्याएको, अहिलेसम्म पाएको उपलब्धिलाई स्थायित्व दिंदै अगाडि बढेको र अहिले देशमा देखिएको सङ्कट हल गर्न जनताको सहयोग चाहिने बचाए। देशमा दुईपटक संसद् विघटन भएको र जनताको बलमा नै पुनर्स्थापित भएको घटना ताजै रहेकोले मुलुकमा अहिले बढ्दो गलत गतिविधि नियन्त्रणका लागि जनताको साथको आवश्यकता रहेको उनको भनाइ थियो।

प्रेस सेन्टरका अध्यक्ष दीपक गौतमको अध्यक्षतामा भएको कार्यक्रममा सचिव लीलामणि पोखरेललगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम सञ्चालन प्रेस सेन्टरका मधेस प्रदेश संयोजक गोविन्द देवकोटाले गरेका थिए।

## जगरनाथपुरमा अतिक्रमित जग्गा खाली गराइयो

प्रस, वीरगंज, २१ असोज/

जगरनाथपुर गाउँपालिका-१ दसौतामा रहेको अतिक्रमित सिंचाइको जग्गा आज स्थानीय तहले खाली गराएको छ।




तस्वीरः सौजन्य

लामो समयदेखि अधिकांश भारतीयले सो जग्गा अतिक्रमण गरी घरटहरा बनाइ रक्सी बेच्ने तथा अन्य व्यापार गर्दै आएका थिए।

सिंचाइका कर्मचारीहरू विस्थापित भएपछि केही समय सशस्त्र प्रहरीले सो स्थानमा चेक प्वाइन्ट राखेको र पछि सो ठाउँबाट चेक प्वाइन्ट हटाइएपछि ५० बिघा जग्गा स्थानीयले कब्जा गरेका थिए।

डिभिजन सिंचाइ कार्यालयले पटकपटक अतिक्रमण हटाउने प्रयास गरे पनि सो अतिक्रमण हटाउन सकेको थिएन। केही समयअगाडि अतिक्रमण हटाउन जाँदा प्रहरीमाथि ढुङ्गामुढा भएपछि टोली फिर्ता भएको थियो।

आज गापा अध्यक्ष श्रीकान्त यादवले अतिक्रमण हटाउन पटकपटक पत्राचार गरेको र उनीहरूले नमानेपछि सशस्त्र र नेपाल प्रहरीको टोली पुगी दुई दर्जन घरटहरा भत्काएको वडाध्यक्ष नेपाली कुशवाहाले जानकारी दिएका छन्।

## विद्यालय व्यवस्थापनको कुरालाई लिएर विद्यार्थी आन्दोलित

प्रस, वीरगंज, २१ असोज/

शिक्षक सरुवा र गुणस्तरीय अध्ययनको माग गर्दै विन्ध्यवासिनी गाउँपालिका कार्यालय घेराउ गर्न पुगेका विद्यार्थीहरूमाथि प्रहरीले लाठीचार्ज गर्दा चारजना विद्यार्थी घाइते भएका छन्।

विन्ध्यवासिनी गाउँपालिका-२ गर्दौलस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत खेमबहादुर गोढ, अनुराग यादव, विशाल यादव र कक्षा ८ मा अध्ययनरत कृष्ण मुखिया प्रहरीको लाठीचार्जबाट घाइते भएका बताइएको छ।



प्रहरीको लाठीचार्जबाट घाइते विद्यार्थीहरू। तस्वीरः नितेश कर्ण

शिक्षक सरुवाको निर्णय फिर्ता लिनुपर्ने र प्रधानाध्यापकलाई सरुवा गर्नुपर्ने माग गर्दै नेपाल राष्ट्रिय मावि गर्दौल, राधाकृष्ण मावि बहुअर्वा र झौवासमेतका विद्यार्थीहरूले आइतवार गापा कार्यालय घेराउ गरेका थिए। लाठीफाटासहित पुगेका विद्यार्थीहरूको आन्दोलनलाई नियन्त्रण गर्ने क्रममा प्रहरीले लाठीचार्ज गरेको र सोमा चारजना घाइते भएका थिए।

तर इप्रका, पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसीले विद्यार्थीहरू आफैंले चलाएका ढुङ्गामुढाबाट घाइते भएका बताए। उनले प्रहरीले कुनै हस्तक्षेप नगरेको प्रतिक्रिया दिएका छन्।

घाइते विद्यार्थीहरूले भने बेन्च, डेस्क, शौचालय, धारालगायतका व्यवस्थापनमा सुधार हुनुपर्ने माग गर्दै विद्यालयको ध्यानाकर्षण गराइएको तर सुनवाइ नभएपछि आन्दोलन गर्नुपरेको बताएका छन्। साथै आज भएको विद्यार्थी आन्दोलनको प्रमुख कारण भने शिक्षकहरूको सरूवा पनि रहेको छ। केही शिक्षकहरूले विद्यार्थीहरूलाई उक्साएर आन्दोलन गर्न लगाएको आरोप छ। घटनाको गम्भीरतालाई मनन गरी गापा अध्यक्ष प्रमोद तिवारीले आन्दोलनरत विद्यार्थीहरूलाई आफ्नो कक्षमा सम्झाइबुझाइ गरेका थिए।

उनले विद्यार्थीहरूको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको र विद्यार्थीहरूले पनि आन्दोलनका कार्यक्रम स्थगित गरेका छन्। यसअघि विद्यार्थीहरूले विद्यालय भवनमा तोडफोड गरेर आगजनी गरेबाट करीब पाँच लाख मूल्यबराबरको क्षति भएको बताइएको छ।

## सेवा दिन नसकेको एटिएमबाट सेवाग्राही दुःखी

प्रस, वीरगंज, २१ असोज/

एटिएम सेवा २४सैं घण्टा उपलब्ध गराउने बैंकको कथनी र करनीमा फरक सेवाग्राहीहरूको गुनासो छ। गत शुक्रवार साँझ साढे सात बजे एटिएमबाट रकम ननिस्किएपछि निराश हुँदै एक सेवाग्राहीले गुनासो गरेका छन्। एकजना सेवाग्राहीले लगातार तीन दिन साँझपख सो बैंकको एटिएमबाट रकम ननिस्किएपछि




एसबिआई आदर्शनगर र रामपुर शाखाका एटिएम। तस्वीरः प्रतीक

रहेको पाइएको छ। आवश्यक परेको बेला सेवाग्राहीहरूले रकम झिक्न नपाउँदा सास्ती खेप्नुपरेको छ। सेवाग्राहीहरूले बैंकको कथनीसँग सरोकार नभई चुस्त दुरुस्त सेवा पाउने अपेक्षा गर्छन्।

वीरगंजको श्रीपुरस्थित नेपाल एसबिआई बैंकको रामपुर शाखाको एटिएममा बारम्बार समस्या आउने र समस्या खेप्न बाध्य हुनुपरेको भने, "बारम्बार समस्या आउँछ, जुन दिन एटिएमबाट रकम निस्कन्छ, त्यस दिन लक्की ड्र परेझैं आफूलाई भाग्यमानी ठान्छु," उनले भने, "अर्को बैंकबाट झिक्दा रु १५ सेवा शुल्क लाग्छ, सेवाग्राहीलाई आर्थिक क्षति पुग्ने बैंकको हर्कत निन्दनीय छ।" कहिले एटिएममा रकम नहुने त कहिले लिङ्क फेलको नाममा सेवाग्राहीलाई सास्ती दिनु राम्रो नभएको सेवाग्राहीहरूले नजीकैको नबिल बैंकको एटिएमबाट रकम निकाल्नुपर्दा रु ४५ अतिरिक्त शुल्क तिर्नुपरेको गुनासो गरे।

रामपुर शाखाका प्रबन्धक रामदेव साहले शुक्रवार साँझ शनिवारसम्म पुग्ने रकम राखेको तर प्राविधिक समस्या शनिवार बिहान मात्र हेर्न मिल्ने प्रतिक्रिया दिए। उनले २४सैं घण्टा सेवा भनिए

(बाँकी अन्तिम पातामा)

## मिटरब्याजसम्बन्धी ३९५ वटा मुद्दा फछ्र्योट

प्रस, वीरगंज, २१ असोज/

जिल्ला प्रशासन कार्यालय, पर्साले अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धमा ६९५ वटा उजूरीमाथि छलफल गरेकामा ३९५ वटा उजूरीको फछ्र्योट गरेको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जेठ २४ गतेदेखि हालसम्म परेका एक हजार ३२१ वटा मिटरब्याजसम्बन्धी उजूरीमा दुईवटा कार्यदल बनाएर छलफल गराइएपछि ३९५ वटा मुद्दा फछ्र्योट गरिएको र ६९५ वटा मुद्दामा छलफल भएको बताएका छन्।

कार्यदलले दुई चरणमा गरेको छलफलमा विपक्षी साहुबाट रु ११ करोड ४१ लाख २० हजार मागदाबी भएको र

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जहाँ प्रेम छ, त्यहाँ जीवन छ, जहाँ जीवन छ, त्यहाँ आस छ, जहाँ आस छ, त्यहाँ विश्वास छ, जहाँ विश्वास छ, त्यहाँ चमत्कार हुन्छ नै।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# हमास र इजरायल

**प्यालेस्टाइन विद्रोही समूह हमास र इजरायली सेनाबीच युद्ध शुरू भएको छ। विद्रोही हमासले बितेको शनिवार बिहान आकस्मिकरूपमा इजरायली भूभागमा एकतर्फी घातक आक्रमण गऱ्यो। हमास समूहले जमीन, आकाश र जल क्षेत्रबाट एकैसाथ आक्रमण गर्दै इजरायल र प्यालेस्टाइनको सीमामा रहेका काँडेतार, पक्की पर्खाल भत्काउँदै इजरायलमा प्रवेश गरेका थिए। उनीहरूले कैयन इजरायलीलाई नियन्त्रणमा लिएर गएका छन् भने विद्रोहीको रकेट र गोली प्रहारबाट ६५० जनाभन्दा धेरै इजरायलीको ज्यान गइसकेको छ। इजरायलतर्फ ज्यान गुमाउनेमा १० जना नेपाली नागरिकसमेत रहेको पुष्टि भएको छ। यसको प्रतिउत्तरमा इजरायलले थालेको सैन्य कारबाईमा ३५० जनाभन्दा बढी प्यालेस्टाइनी हताहत भएका छन्। युद्धमा दुवैतर्फ हजारौं सर्वसाधारण घाइते बनेका छन्। दुवैतर्फका कारबाईमा अधिकांश सर्वसाधारणको ज्यान गइरहेको खबर छ। इजरायलले प्यालेस्टाइनी लडाकू समूह हमासविरुद्ध युद्धको औपचारिक घोषणा गरेको छ। प्यालेस्टाइनी लडाकू हमासले इजरायली भूभागमा घूसपैठ गरी आक्रमण गरेपछि इजरायल सरकारले हमासविरुद्ध युद्धको औपचारिक घोषणा गरेको हो। इजरायल र प्यालेस्टाइनी लडाकूबीच जारी युद्धलाई ५० वर्षयताको सबैभन्दा घातक घटनाका रूपमा लिइएको छ।**

**इजरायलले युद्धलाई आफ्नो पक्षमा पार्न गाजाको सीमा क्षेत्रमा थप चार बटालियन सैनिक थप्ने तयारी गरिरहेको छ। त्यहाँ त्यसअघि नै ३५ बटालियन सैनिक तैनाथ छन्। प्यालेस्टाइनी छापामारको आक्रमणलाई विश्वले निन्दा गरेको छ। यस घटनामा अमेरिका क्रुद्ध बनेको छ भने चीनले दुवै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ। उता इरानले भने हमासको प्रशंसा गर्दै 'गौरवपूर्ण कदम' भनेको छ। अत: इजरायलमाथि भएको विद्रोही आक्रमणतर्फ विश्वको ध्यान केन्द्रित भएको छ। प्यालेस्टाइनी र इजरायलबीचको लडाइँ सय वर्षभन्दा पुरानो हो। पूर्वी जेरुसेलम, गाजा र वेस्ट बैंकमा बसोबास गर्ने प्यालेस्टाइनी र इजरायलीबीच बारम्बार तनाव एवं द्वन्द्व भएको छ। गाजामा प्यालेस्टाइनी लडाकू समूह हमासको शासन छ। हमास इजरायलविरुद्ध लड्दै आएको छ।**

**अहिले प्यालेस्टाइनी र इजरायलीबीच विवादित भूमिमा पहिले अरबी मुस्लिमको बाहुल्यता र यहुदीहरू अल्पसङ्ख्यक थिए। त्यति बेला यहुदीहरूले युरोपमा उत्पीडन भोगिरहेका थिए। सोही कारण उनीहरूले हाल विवादित क्षेत्रलाई आफ्नो राष्ट्रिय पहिचानसहितको गृहनगर बनाउन खोजे, जसलाई बेलायतको समर्थन थियो। तर पहिलेदेखि नै त्यहाँ रहेका अरब मुस्लिम वा प्यालेस्टाइनी समुदायले यो कदमको विरोध गऱ्यो। द्वन्द्वको सुरुआत यहींबाट भयो। यहुदीका निम्ति त्यो ठाउँ उसको पुर्ख्यौंली थलो हो। त्यसैले ऊ आफ्नो अधिकार सुरक्षित रहोस् भन्ने चाहन्छ। यता प्यालेस्टाइनीले भने उक्त भूमिमा आफ्नो ऐतिहासिकरूपमा नै अधिकार रहेको दाबी गर्छ। विवादित क्षेत्रमा इजरायलले यहुदीहरूको सङ्ख्या थपेको थपेकै छ। सोही कारण अहिले पनि गाजा र वेस्ट बैंकमा रहेका प्यालेस्टाइनीले इजरायलको दमन र शोषणको सामना गरिरहेको बताउने गरेका छन्। उनीहरूले आक्रोश र प्रतिशोध यसैगरी जाहेर गर्ने गरेका छन्। हमास विद्रोहीको माग र इजरायलको अडानबारे शान्तिपूर्ण वार्ताका लागि विश्व समुदायले दबाब दिन जरुरी छ।**

# कोचिङ बाध्यता कि आवश्यकता


शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**गाउँघर वा साना शहरमा हुने कोचिङ व्यवसाय त कोचिङ उद्योगको सानो रूप मात्रै हो। यसको वास्तविक रूप टेक्निकल परीक्षा, जस्तै-मेडिकल, इन्जिनीयरिङ, एमबिए, लोकसेवा आयोगजस्ता परीक्षामा सफल हुनको लागि तयारी गराउने हो।**

आधुनिक युगमा हरेक व्यक्तिका लागि 'शिक्षा' एउटा आवश्यकता बनिसकेको छ। हिजोआज विद्यालय शिक्षाबाहेक कैयन प्रकारको शिक्षाको प्रचलन छ। आज सामुदायिक र संस्थागत विद्यालयहरूले जस्तो शिक्षा दिइरहेका छन्, त्यस परीक्षाको तयारी कोचिङबेगर सम्भव छैन। दुई दशक पहिले कमजोर विद्यार्थीहरूले मात्र कोच लिन्थे, अहिले यस धारणामा परिवर्तन आएको छ। वर्तमानमा कमजोर विद्यार्थी जहाँ उत्तीर्ण हुन कोचिङ जान्छन् त्यहीं राम्रो विद्यार्थी अझ राम्रो ग्रेड हासिल गर्न कोचिङ जान्छन्। वर्तमान प्रतिस्पर्धात्मक युगमा कोचिङ आवश्यकता र फेशन दुवै भएको छ। यस कारण सङ्ख्यात्मकरूपले यसमा वृद्धि भइरहेको छ। हाम्रोजस्तो मुलुकमा हजारौं सामुदायिक तथा संस्थागत विद्यालयहरू छन्, जसमा लाखौं केटाकेटी पढिरहेका छन् र त्यहाँ हुने राजनीतिक हस्तक्षेप, अभिभावक-शिक्षाको कमी र शिक्षाको उद्देश्य राम्रो जागीर हासिल गर्ने बन्दै गएकोले केटाकेटीरूका लागि कोचिङ बाध्यता र आवश्यकता दुवै भएको छ।

कुनै पनि परीक्षामा सफल हुनका लागि कठिन परिश्रमसँगै कोचिङ संस्थाको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। समयसँगै कोचिङ संस्थाको महत्त्व र भूमिकामा पनि परिवर्तन आएको हेर्न र अनुभव गर्न सकिन्छ। पहिले कोचिङ संस्थामा आफ्नो सन्तान पठाउन लज्जाको अनुभूति हुन्थ्यो, अहिले गर्वको अनुभूति हुन्छ। पहिले अभिभावकलाई के लाग्थ्यो भने कमजोर बच्चा मात्र कोचिङ जाने गर्छन् तर आज यो स्थिति छैन। यस्तै कुरा पहिलेका विद्यार्थीहरूले पनि सोच्ने गर्दथे तर जसैजसै परीक्षाको स्वरूपमा परिवर्तन हुँदै गयो, प्रतिस्पर्धाको स्तर पनि बढ्दै गयो, त्यही क्रममा अभिभावक तथा विद्यार्थीको सोच पनि परिवर्तन हुँदै गयो। आज कोचिङ जानु भनेको शर्म हैन, गर्वको विषय बन्दै गएको महसूस हुन थालेको छ। यसको एकमात्र कारण के हो भने कोच पढ्ने विद्यार्थीहरूको सफलता प्रतिशत समयसँगै बढ्दै गएको छ।

आज लोकसेवा आयोग, मेडिकल, इन्जिनीयरिङ, बैङ्किङलगायत अन्य क्षेत्रमा पनि सफलता पाउनको लागि कोचिङ संस्थामाथि बढ्दो निर्भरताले के साबित गरेको छ भने कुनै पनि प्रकारको परीक्षामा सफलताको लागि कोचिङ संस्था द्वारा प्रदान गरिने मार्गदर्शनको अहम् भूमिका हुन्छ। आज प्रतिभासँगै समय व्यवस्थापन पनि जरुरी छ, जसमा कोचिङ संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसका लागि प्रतिभासँगसँगै विद्यार्थीहरूले स्मार्ट, ट्रिकी र धैर्यवान बन्नु जरूरी छ र यस्ता सबैखाले परिस्थितिको लागि कोचिङ संस्थाले विद्यार्थीहरूलाई राम्ररी तयार गर्छ।

कोचिङ संस्थाहरूले परीक्षाको तयारी सँगसँगै विद्यार्थीहरूलाई समयको सदुपयोग कसरी गर्नेबारे तालीम दिन्छन्। यस प्रकारको प्रशिक्षणले गर्दा विद्यार्थीहरू समयपूर्व नै परीक्षाको तयारीमा फोकस गर्न थाल्छन् र सबै विषयमा समानरूपले समय पनि दिन थाल्छन्। प्राय: के देखिएको छ भने विद्यार्थी तिनै विषयमा बढी ध्यान दिन्छन् जसमा उनीहरूको रुचि बढी हुन्छ। परिणामस्वरूप परीक्षामा चाहेजस्तो ग्रेड वा अङ्क हासिल हुँदैन। यसर्थ विभिन्न विषय र परीक्षाको तयारी गराउने बढीजसो कोचिङ्ग संस्थाले विद्यार्थीहरूलाई समयको सदुपयोग कसरी गर्ने भन्ने सिकाउँछन्।

कोचिङ संस्थाको काम तोकिएको समयमा कोर्स पूरा गर्नु मात्र नभई पढाइ सँगसँगै उनीहरूमा हुने कमजोरीहरूबारे पनि सचेत गराउँछन् र त्यसलाई कसरी सुधार्ने भन्ने पनि सिकाउँछन्। कमजोरी हटाउनको लागि कोचिङ संस्थाद्वारा समय-समयमा सेमिनार वा वन टू वन सेशन आयोजना गर्छन्। साथै विद्यार्थीहरूलाई छुट्टाछुट्टै पढाइन्छ पनि। यसमा त्यस्ता विषयमा बढी ध्यान दिइन्छ, जसमा विद्यार्थीहरूको रुचि थोरै हुन्छ वा उनीहरू कमजोर हुन्छन्। विद्यार्थीका अभिभावकलाई पनि घरमा पढ्ने वातावरण कसरी दिने भन्ने छलफलमा सामेल गराउँछन्।

अहिले एकै समयमा बढी विषयको तयारी गर्नुपर्ने हुन्छ। यस परिवेशमा सबै विषयमा समानरूपले ध्यान दिनु अलि कठिन नै हुन्छ। यहींबाट कोचिङ संस्थाको भूमिका प्रारम्भ हुन्छ। एउटै समयमा विभिन्न विषयको तयारी गराउन कोचिङ संस्थाको भूमिका अहम् हुन्छ। प्राय: विद्यार्थीहरूलाई कुन विषयमा कति समय खर्च गर्ने भन्ने थाहा हुँदैन र कतिपय विषयमाथि उनीहरूले ध्यान नै दिंदैनन्। तर यदि उनीहरू कुनै कोचिङ संस्थामा तयारी गरिरहेका छन् भने त्यहाँ शुरू देखि नै परीक्षाको दृष्टिकोणले सबै विषय महत्त्वपूर्ण हुन्छ भन्ने प्रेरणा दिइन्छ र बताइन्छ कसरी कुन विषयमा कति ध्यान दिनुपर्छ। समयानुसार क्लास टेस्ट र ग्रुप टेस्टको आयोजन पनि गरिन्छ।

प्राय: के देखिन्छ भने राम्रो गर्ने विद्यार्थीहरू पनि परीक्षा भवनमा गएर नर्वस वा भ्रमित हुन्छन् र अपरिपक्व जवाफ दिएर फर्कन्छन्। यदि विद्यार्थीहरूलाई पहिलेदेखि नै परीक्षा भवनको माहौल तयार गरेर सम्भावित तनावसँग साक्षात्कार गराइयो भने उनीहरू परीक्षा भवनमा नर्वस हुँदैनन् र आफ्नो सम्पूर्ण ध्यान राम्ररी जवाफ लेख्नमा लगाउँछन्। यस कारण परीक्षा भवनको भय निकाल्नको लागि कोचिङ संस्थाहरूले कैयन प्रकारका परीक्षा सञ्चालन गर्छन्।

आज गाउँदेखि सदरमुकामसम्म कोचिङ कक्षा सञ्चालनमा छ। आज कोचिङ संस्थाहरू कुनै पनि परीक्षाको तयारी गराउने अहम् भूमिका निर्वाह गरिरहेका छन् तर कुन कोचिङ संस्थामा आफ्नो सन्तानलाई दाखिल गर्ने भन्ने कुरामा अभिभावकहरूको मनमा सदैव द्विविधा रहन्छ। यस कारण अभिभावकहरूले कुनै पनि कोचिङ संस्थामा आफ्नो सन्तानलाई पठाउनुपूर्व विज्ञापनमा मात्र ध्यान नदिई त्यसको उपलब्धिबारे प्रत्यक्ष पत्ता लगाउनुपर्छ। कोचिङको टापर लिस्टमा जुन विद्यार्थीको नाम हुन्छ ऊ त्यहाँको उत्पादन हो वा होइन भन्ने कुरामा पनि ध्यान दिनुपर्छ। त्यस संस्थाले कति वर्षदेखि सेवा दिइरहेको छ ? त्यसमा शिक्षाको आधुनिक उपकरणहरूको उपयोग भइरहेको छ वा छैन जस्ता कुराहरूलाई प्राथमिकताका साथ ध्यान दिनुपर्छ। यसबाहेक त्यहाँ गएर एक साताको डेमो लिनुपर्छ जसबाट त्यहाँ कस्तो पढाइ भइरहेको छ बुझ्न सकिन्छ। त्यहाँ पढिसकेका विद्यार्थीहरूसँग छलफल गर्नुपर्छ। प्राय: विद्यार्थी र अभिभावकहरूले यस्ता कुरामाथि ध्यान दिंदैनन् र परिणाम विद्यार्थीहरूले भोग्नुपर्छ।

विद्यार्थीहरू जति समय कोचिङमा व्यतीत गर्छन् त्यसभन्दा बढी समय घरमा अभिभावक समक्ष बिताउँछन्। यस कारण के आवश्यक छ भने कोचिङ सँगसँगै घरमा पनि उनीहरूलाई पढ्ने वातावरण प्राप्त होस् जहाँ उनीहरू आफ्नो तयारीलाई निरन्तरता दिन सकून्। यस कार्यमा अभिभावकको भूमिका अहम् हुन्छ। यसर्थ अभिभावकहरूले विद्यार्थीहरूलाई पढ्नको लागि प्रोत्साहित गरिराख्नुपर्छ। उत्साहपूर्वक उनीहरूको कमजारीबारे अवगत गराइराख्नुपर्छ। यसबाहेक विद्यार्थीहरूलाई त्यस्ता चीजहरू, जसबाट उनीहरूको तयारी प्रभावित हुन सक्छ, टाढा राख्ने प्रयास गर्नुपर्छ। अर्थात् कोचिङ संस्थाको तुलनामा अभिभावकको भूमिका धेरै महत्त्वपूर्ण हुन्छ। दुई-चार घण्टाभन्दा बढी समय विद्यार्थीहरू घरमैं व्यतीत गर्छन्। अर्थात् परीक्षाको वास्तविक तयारी उनीहरू घरमैं गर्छन्। यस कारण समयको सदुपयोगलाई लिएर अभिभावकको भूमिका अहम् हुन्छ।

कोचिङ्गबाट जहाँ यति फाइदा हुन्छ त्यहीं यसबाट केही घाटा पनि हुन्छ। प्रतिस्पर्धा र सर्वोत्कृष्ट ग्रेड हासिल गर्ने होडले गर्दा बाल्यकालदेखि नै कोचिङ लिन थाल्छन् र यसरी उनीहरूको बाल्यकालको अपहरण हुन्छ। त्यहीं अर्कोतिर विद्यार्थीहरू पहिले विद्यालय जान्छन् त्यसपछि कोचिङमा सामेल हुन्छन्। दुवै ठाउँबाट गृहकार्य गर्न बढी दबाब पर्छ। यसरी विद्यार्थीहरूमा तनाव उत्पन्न हुन्छ। निद्रा पूरा हुँदैन र उनीहरूससाना कुरामा पनि रिसाउन थाल्छन्। यस्ता धेरै अभिभावक छन्, जो सन्तानलाई घरमैं पढाउने गर्छन् र उनका सन्तान कक्षामा टप पनि गर्छन्। यदि तपाईंसँग ज्ञान र समय छ भने यसलाई आफ्नो सन्तानमाथि खर्चिनु बेस हुन्छ अन्यथा कोचिङ पठाएर समय र पैसा बर्बाद गर्नुको कुनै प्रयोजन छैन।

आज कोचिङ व्यवसाय धेरै मुनाफा दिने व्यवसाय बन्दै गएको छ। गाउँघर वा साना शहरमा हुने कोचिङ व्यवसाय त कोचिङ उद्योगको सानो रूप मात्रै हो। यसको वास्तविक रूप टेक्निकल परीक्षा, जस्तै-मेडिकल, इन्जिनीयरिङ, एमबिए, लोकसेवा आयोगजस्ता परीक्षामा सफल हुनको लागि तयारी गराउने हो। पहिले डाक्टर र इन्जिनीयर बन्ने सपना थोरै विद्यार्थीको हुन्थ्यो, आज सबै विद्यार्थीले यस्तै सपना देख्छन्। त्यसैले आज यी क्षेत्रमा प्रवेश धेरै गाऱ्हो हुन्छ किनभने यसका लागि विशेष परीक्षा दिनुपर्छ र त्यसका लागि विशेष पढाइ पनि गर्नुपर्छ। यस्तो पढाइ कोचिङ सेन्टरमैं हुन सक्छ। हिजोआज राजधानी लगायत ठूल्ठूला शहरहरूमा यस प्रकारका कोचिङ सेन्टरहरू छन् जसले एउटा ठूलै उद्योगको रूप लिइसकेको छ।

निष्कर्षत: के भन्न सकिन्छ भने कोचिङ व्यवसाय आज ठूलो व्यवसाय बन्दै गएको छ। कोचिङ्गमा पढाउने शिक्षकहरूलाई पनि राम्रो आमदनी भइरहेको छ। अभिभावकहरूले पनि आफ्नो सन्तानमाथि यस प्रतिस्पर्धात्मक युगमा सफल हुने सोचका साथ खर्च गरिरहेका छन्। सबै एक अर्काभन्दा अघि बढ्ने होडमा लागेका छन्। यस कारण राम्रो शिक्षाबेगर केटाकेटीहरूको भविष्य उज्ज्वल हुन सक्दैन।

# अतिक्रमण हटाएर घण्टाघर बनाउँछु –नगरप्रमुख चौहान

प्रस, पोखरिया, २१ असोज/

पोखरिया नगरपालिका कार्यालयले वडा नं ४ बजारमा रहेको वीरगंज चिनी कारखानाको अतिक्रमित पुरानो आवासीय क्षेत्र खाली गराउने भएको छ। नगरप्रमुख प्रद्युमन चौहानले सोमवार बिहान सो अतिक्रमित क्षेत्र खाली गराउने र नपाको निर्णय अनुसार घण्टाघर बनाउने बताएका छन्।

पोखरिया नपाका पूर्वप्रमुख दीपनारायण रौनियारकै पालामा वीचिकालिको आवासीय क्षेत्र अतिक्रमण गरेर पक्की घर बनाएर भाडा असुल गर्दै आएको मानव कल्याण युवा क्लब, शम्भु कानू, गोरख कानू, ललन कुर्मीसहितका मानिसहरूलाई अतिक्रमण हटाउन सूचना गरिएको थियो। रौनियारकै पालामा नपाले घण्टाघर बनाउने निर्णय गरेको थियो। अहिले नगरप्रमुख चौहानले पनि घण्टाघर बनाउने योजना अघि सारेका छन्।

नपाको निर्णयविरुद्ध क्लब र अतिक्रमणकारी व्यक्तिहरू अदालतको शरणमा गएका थिए। तर नपाको हकमा निर्णय भएपछि नपाले ३५ दिने सूचना तीनपटक जारी गरिसकेको छ भने भोलि सोमवार भोलि खाली गराउने सूचना जारी गरेको छ।

नपाको सूचनापछि क्लबका अध्यक्ष राजु गिरीले आज नगरप्रमुख चौहानलाई सूचना अनुसारको गतिविधि नगर्न ध्यानाकर्षण गराएका छन्।

तर नगरप्रमुख चौहानले अदालतबाट पक्षमा निर्णय भएको र घण्टाघर निर्माणका लागि सोमवार अतिक्रमित क्षेत्र खाली गराउने बताएका छन्।

वीचिकालिको करीब एक कट्ठा बढी जग्गामा क्लबले सातवटा कोठा बनाएर एक दशकदेखि भाडा असुल्दै आएको छ भने पूर्वकर्मचारीहरूले भने मरम्मतसम्भार गरेर बस्दै आएका छन्।

# सिम्रौनगढको सातौं नगरसभा फेरि स्थगित

प्रस, सिम्रौनगढ, २१ असोज/

सिम्रौनगढ नगरपालिकाको आइतवार डाकिएको सातौं नगरसभा गणपूरक सङ्ख्या नपुगेको भन्दै नगरप्रमुख किशोरीप्रसाद कलवारले स्थगन गरेका छन्।

निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजेन्द्रकुमार चौधरीले आज बोलाइएको सातौं नगरसभाको बैठक गणपूरक सङ्ख्या अपुग भएको कारण स्थगित भई पुन: असोज २४ गते बुधवार बिहान ११ बजे आह्वान गरिएको सूचना प्रकाशित गरी जानकारी गराएका थिए।

आजको लागि बोलाइएको नगरसभामा ८० प्रतिशत सदस्य सहभागी रहे पनि निर्धारित बिहान ११ देखि १२ बजेको समयमा कसैले पनि उपस्थितिमा हस्ताक्षर नगरेका कारण नगरप्रमुख कलवारले गणपूरक सङ्ख्या नपुगेको भन्दै नगरसभा स्थगनको घोषणा गरेर फर्केका थिए। उपप्रमुख नजमु शेहरले भने नगरप्रमुखले षडचन्त्रपूर्वक सभा गर्न नचाहेको आरोप लगाइन्। उनले सङ्ख्यात्मकरूपमा बहुमतभन्दा बढी सहभागी भएपनि हस्ताक्षर मात्र नगरेको बहानामा स्थगन गरिएको आरोप

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# बिआरआई परियोजना कार्यान्वयन गरिन्छ –प्रधानमन्त्री

काठमाडौं, २१ असोज/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जनवादी गणतन्त्र चीनले अघि सारेको 'बेल्ट एन्ड रोड इनिसिटिभ' (बिआरआई) परियोजनाको कार्यान्वयन प्राथमिकतासाथ अघि बढाउने बताएका छन् ।

बिआरआई शुरूआत भएको १० वर्ष पुगेको उपलक्ष्यमा आइतवार नेपाल–चीनमैत्री मञ्चले आयोजना गरेको 'बिआरआईको एक दशक : व्यापार, लगानी र सम्पर्क सञ्जाल' विषयक गोष्ठीमा प्रधानमन्त्री प्रचण्डले बिआरआई परियोजना मनोकामनाको सूची नभई कार्यान्वयनयोग्य परियोजना भएको बताए। उनले बिआरआई अन्तर्गत परियोजना छनोट र कार्यान्वयन हुनेगरी विकास निर्माणका परियोजना अगाडि बढाउने सरकारको स्पष्ट धारणा रहेको उल्लेख गरे ।

प्रधानमन्त्री प्रचण्डले बिआरआई परियोजना कार्यान्वयनमार्फत विकास र समृद्धिलाई तीव्र गतिमा अगाडि बढाउन चाहेको बताए। उनले भने–"बिआरआई परियोजना अघि बढाउन केही ढिलाइ भएकोमा प्रश्नहरू यदाकदा सुनिने गरेका छन् । यसका लागि कोभिड महामारी, हाम्रो प्रणाली र संरचनागत सीमाहरू समेत जिम्मेवार छन् । तर नेपाल बिआरआई परियोजना कार्यान्वयनमार्फत विकास र समृद्धिलाई तीव्र गतिमा अगाडि बढाउन चाहन्छ ।"

नेपाल अब भूपरिवेष्ठित देशबाट भूजडित देश हुनेछ भन्ने चिनियाँ राष्ट्रपति सी जिनपिङको भनाइप्रति आफ्नो पूर्ण सहमति रहेको भन्दै प्रधानमन्त्री प्रचण्डले उक्त कुरा आफूले पनि केही दशकदेखि दृढतापूर्वक भन्दै आएको बताए । "अब हामीले उक्त युक्तिलाई वास्तविकतामा बदल्न सामूहिक पहल लिनुपर्नेछ"–उनले भने–"तसर्थ, यस्ता परियोजनाको वित्तीय लगानीको मोडेलबारे हामी अझ गहन छलफल गर्नेछौं । चिनियाँ पक्षले पनि लगानीसम्बन्धी आफ्नो नीतिमा पुनर्विचार गर्दै कतिपय परियोजनाका सन्दर्भमा नेपालका लागि अनुदान र सहायताको नीति लिने हाम्रो विश्वास छ ।"



तस्वीरः रासस

प्रधानमन्त्री प्रचण्डले विश्वकै लागि अनुकरणीय छिमेकी र असल मित्र राष्ट्र चीनको यो अभूतपूर्व विकास नेपालका लागि ठूलो शिक्षा र अवसर दुवै भएको बताए। उनले नेपाल चीनको यो द्रूततर विकास, गरीबी निवारण तथा चीनले अगाडि सारेको दिगो विकास तथा साझा समृद्धिको अवधारणा (बिआरआई)बाट पूरा गर्न चाहेको उल्लेख गरे ।

उनले नेपाललाई पूर्वाधार विकासमा ठूलो लगानीको खाँचो रहेको र परम्परागत स्रोतबाट प्राप्त हुने विकास सहायताबाट मात्रै आवश्यकता पूरा हुन सक्ने परिस्थिति नरहेको बताए। विकास निर्माणलाई तीव्र बनाउन थप बाह्य पूँजी आवश्यक रहेको सन्दर्भमा बिआरआई नेपालका लागि महत्त्वपूर्ण स्रोत हुने उनको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्डले विगत १० वर्षमा बिआरआईमार्फत मात्र एक हजार अर्ब अमेरिकी डलरभन्दा बढी लगानी भएको तथ्याङ्क सावर्जनिक भइरहँदा नेपालले तुलनात्मकरूपमा उल्लेख्य लगानी भित्र्याउन नसकेको बताए। उनले अब

(बाँकी अन्तिम पातामा)

# "रामबाबूको २५ वर्षको लगानी क्षणभरमैं खरानी"

जनकपुरधाम, २१ असोज/रासस

धनुषाको जनकपुरधाम उपमहानगरपालिका–९ रामानन्द चोकमा रहेको रामबाबू रायको 'जनकपुर बिग मार्ट'मा गएराति भीषण आगलागी भयो ।

जिल्ला प्रहरी कार्यालय, धनुषाका अनुसार राति सवा १ बजे बिजुली सर्ट भएर लागेको आगो सात घण्टापछि बिहान करीब ७:१५ बजेतिर मात्रै नियन्त्रणमा आएको थियो । आगलागी भएको करीब आधा घण्टामैं वारुणयन्त्र घटनास्थलमा पुगे पनि मार्टमा लत्ताकपडा धेरै भएकाले नियन्त्रणमा लिन कठिन भएको थियो ।

सञ्चालक रामबाबू रायले मार्टका सम्पूर्ण सामान जलेर नष्ट भएको र तीन तले घरमा समेत क्षति पुगेकोले रु १० करोडभन्दा बढीको सम्पत्ति क्षति भएको जानकारी दिए । उनले मार्टको दोस्रो तल्लामा परिवारसहित बसोबास रहेकामा वैकल्पिक बाटोका कारण भागेर ज्यान जोगाउन सकिएको बताए ।

**'क्षणभरमैं जल्यो सम्पत्ति'**

सर्लाहीको मलङ्गवा नगरपालिका–११ स्थायी ठेगाना भएका राय विगत २५ वर्षदेखि व्यापारिक कारोबारमा संलग्न छन् । शुरूमा उनले काठमाडौंमा 'डोर टु डोर' अर्थात् घरघरमा गएर सामान बेच्ने काम गरे र पछि अरूकै पसलमा बजार व्यवस्थाकका रूपमा काम गरे ।

सर्लाहीबाट झोला भिरेर काठमाडौं छिरेका रायले केही समय अरूको पसलमा काम गर्न सिकेपछि आफ्नै व्यापार शुरू गरे। "म शून्य लगानीबाट उठेको मान्छे हो। शुरूमा काठमाडौंका घरघरमा गएर सामान बेचें। त्यसपछि काठमाडौंबाहिर जिल्लाजिल्लामा गएँ।



तस्वीरः रासस

त्यसबाट केही पैसा आर्जन गरेपछि सानो पसल, होलसेल, रिटेल र डिपार्टमेन्ट स्टोरसम्म पुगें," भावविह्वल हुँदै रायले भने, "तर २५ वर्षसम्म गरेको मेहनत र लगानी एकै रातमा सखाप भयो। झोला बोकेर घरबाट निस्केको थिएँ, अहिले फेरि झोला मात्रै बोकर सडकमा आएँ।"

व्यापारमा संलग्न भएको २५ वर्षमध्ये करीब १५/१६ वर्ष उनले काठमाडौंको न्यूरोडस्थित रञ्जना हाउस र महाबौद्धबाट व्यापार गरे । तर विसं २०७२ को गोर्खा भूकम्पपछि व्यापारमा मन्दी आएपछि जनकपुर झरेका रायले यहाँ रामानन्द चोकनजीकै कपडा व्यापार शुरू गरे। छोटो समयमा व्यापार राम्रो हुँदै गएपछि आफ्ना सबै व्यापार बन्द गरेर रायले सम्पूर्ण लगानी हाल डिपार्टमेन्ट स्टोरसमेत रहेको घरमा लगानी गरे ।

"म एकैपटक ठूलो लगानी गरेर आएको होइन। ससाना व्यापारबाट ठूलो, त्यसैबाट कमाएको पैसाले 'लज' चलाइरहेको थिएँ तर भूकम्पपछि कारोबारमा गिरावट आएपछि जनकपुर आएको हुँ । यहाँ आएपछि अरू सबै व्यापार छाडें । भएको सम्पत्ति बेचेर करीब तीन करोडमा यही घर र व्यापारमा लगानी गरें तर एक रातमा सबै सखाप भयो," रायले भने। रायले यही व्यापारलाई बढाउन काठमाडौंको थानकोटमा रहेको चार आना जग्गा, लज र अरू सबै जायजेथा बेच्नुका साथै सिद्धार्थ बैंक शाखा जनकपुरबाट रु तीन करोड ६५ लाख ऋण लिएको बताए ।

**'पीडामाथि पीडा'**

रायलाई व्यापारमा हिम्मत गर्न सघाउने उनकी पत्नी थिइन्। उनले बाहिर र पत्नीले पसल सम्हाल्ने काम गरिरहेका थिए। "घरबार राम्रै चलिरहेको थियो, पत्नीले यो सबै हिम्मत दिएकी हुन् तर डेढ वर्षअघि अचानक पत्नीको दुईवटै मिर्गौला खराब भयो । त्यसपछि हाम्रो दुःखका दिन शुरू भए। आठ दिनअघि मात्रै पत्नीको उपचार भएको थियो । अब त केही सहज होला भनेको फेरि यो

(बाँकी अन्तिम पातामा)

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया

प्रस, रौतहट, २१ असोज/

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया





आइतवार चन्द्रपुरमा सम्पन्न भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाद्वारा आयोजित कार्यक्रममा सहसचिव पार्वती शर्माले भ्रष्टाचारको परिचय, अर्थ र परिभाषा, भ्रष्टाचारका कारणहरू, भ्रष्टाचारका असरहरू, भ्रष्टाचार नियन्त्रणाको आवश्यकता, भ्रष्टाचारजन्य कसूर र सजायका बारेमा सहजीकरण गरेकी थिइन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाका प्रमुख नरहरि घिमिरेले भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक, कानूनी र संरचनात्मक व्यवस्था, आयोगको पृष्ठभूमि, आयोगको संस्थागत रणनीति, आयोगमा आएका उजूरी फछ्र्योट तथा मुद्दा दायरसम्बन्धी तथ्याङ्क, मुद्दा पुनरावेदन, भ्रष्टाचार नियन्त्रणमा सबैको दायित्व तथा जिम्मेवारी, आयोगको आपेक्षा जस्ताबारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले नैतिकता र सदाचार तथा नैतिक शिक्षा हराएकाले भ्रष्टाचार उब्जेको बताए ।

जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व, सेवाग्राहीप्रतिको भावना राम्रो नभए हाम्रो समाज सुदृढ नहुने उनले जिकिर गरे ।

असल कामका लागि सदैव तयार रहने गरेको तथा रहनेछु, कसैको दबाब प्रभावमा आउनेवाला छैन, प्रजिअ मिश्रले बताउँदै मेरो कुनै पनि सेवामा त्रुटि कसैले देखाएमा राजीनामा दिएर जानेछु भन्दै प्रतिबद्धता व्यक्त गरेका थिए ।

जिल्ला समन्वय समितिका सभापति रामअयोध्या राय यादवले आफ्नो अनुमगन गर्ने अधिकार मात्र रहेको बताउँदै केही गर्ने अधिकार नरहेको उनले स्पष्ट पारेका थिए ।

कार्यक्रममा नगरप्रमुख, कार्यालय प्रमुख तथा सञ्चारकर्मीहरूले प्रश्न सोधेका थिए । सहभागीहरूले उठाएका प्रश्नको जवाफ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा सुमित्रा श्रेष्ठले दिएकी थिइन्। रौतहटमा सबैभन्दा बढी उजूरी पर्ने स्थानीय निकाय कटहरिया नगरपालिका र दोस्रो गौर नगरपालिका रहेको आयोगबाट जानकारी गराइएको थियो। आव २०७९/८० मा दुई हजार ३२६ उजूरी परेका थिए भने एक हजार ४४६ वटा उजूरी फछ्र्योट भएको आयोगबाट थाहा भएको छ ।

माटो पुर्ने, ग्राभेल ओछ्याउने, पोखरी खन्ने तथा पुर्ने कार्यमा बढी भ्रष्टाचार हुने गरेको आयोगबाट जानकारी प्राप्त भएको छ ।



पर्सागढी नगरपालिकाको सडक हाँस, कुखुरा चर्ने स्थान बनेको छ। जथाभावी सडकमा हाँस–कुखुरा चर्दा साना–ठूला दुर्घटना र विवाद हुने गरेका छन्। यसतर्फ स्थानीय निकाय र प्रहरीले ध्यान दिनुपर्छ। तस्वीरः नरेश यादव

# एमालेको मधेस प्रदेश अधिवेशनको तयारी तीव्र

धनुषा, २१ असोज/रासस

नेकपा एमालेको मधेस प्रदेश अधिवेशनको तयारी तीव्र भएको छ । नेतृत्वका लागि नेताहरू तयारी गरिरहेका छन् । यही असोज २४ र २५ गते जनकपुरधाममा हुने पहिलो अधिवेशनबाट मधेस प्रदेशको नेतृत्व लिन पाँचजना नेता आकाङ्क्षी देखिएका छन् ।

आठ जिल्ला रहेको यस प्रदेशमा अधिवेशनका लागि प्रतिनिधि छनोट सम्पन्न भइसकेको छ । मधेसका १३६ पालिका, २३ जनसङ्गठन, आठ प्रदेश विभागबाट १,०२७ प्रतिनिधि छनोट गरिएको एमालेका मधेस प्रदेश प्रचार विभाग प्रमुख सोमप्रसाद शर्माले जानकारी दिए। उनका अनुसार पालिकाबाट तीन देखि २३ जनासम्म, जनसङ्गठनबाट ७९ र विभागबाट १६ जना छनोट गरिएको छ ।

प्रदेशको नेतृत्वका लागि रेवती पन्त, राजकिशोर यादव, विचारी यादव, पुरुषोत्तम पौडेल र सुमन प्याकुरेलले प्रचारप्रसार गरिरहेका छन् । एमाले सचिव एवं प्रदेश इन्चार्ज योगेश भट्टराईले मधेसको नेतृत्वका लागि आकाङ्क्षी नेतामध्येबाट सर्वसम्मत नेतृत्व चयन गराउने प्रयास गरिरहेको प्रचार विभाग प्रमुख शर्माले जानकारी दिए ।

उनका अनुसार कोशी प्रदेशका इन्चार्ज रघुवीर महासेठले पनि मधेसमा सहमतिमैं नेतृत्व चयन हुनुपर्ने बताएका छन्। दुई नेता सर्वसम्मत गराउने प्रयासमा लागिरहे पनि आकाङ्क्षी नेता दुई धारमा बाँडिएकाले निर्वाचन हुने सम्भावना रहेको शर्माको भनाइ थियो । उनका अनुसार अधिवेशनको नारा 'सामाजिक न्याय र सुशासन हाम्रो कार्यभार, मधेसको स्वाभिमान र समृद्धिका लागि एमालेको सरकार' भन्ने रहेको छ ।

जनकपुरधामको महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको हलमा हुने कार्यक्रमको उद्घाटन एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपीशर्मा ओलीले गर्ने प्रदेश अध्यक्ष रामऔतार यादवले जानकारी दिए ।

# गाईको गोबरबाट धुपबत्ती र दियो

टीकापुर (कैलाली), २१ असोज/रासस

कैलालीको टीकापुरस्थित टीकापुर गौशालाले गाईको गोबरबाट धुपबत्ती र बत्ती बाल्ने दियो बनाउन शुरू गरेको छ।

सामुदायिक पशु चौपाया व्यवस्थापन तथा प्रवर्द्धन समिति टीकापुर गौशालाले तीन चरणको परीक्षणपछि धुपबत्ती बनाउन थालेको हो ।

टीकापुर गौशालाका सचिव द्वारिकाप्रसाद जोशी र सदस्य उपेन्द्र न्यौपानेले धुपबत्ती र गोबरका सामग्री निर्माणबारे भारतको काशीपुर गएर तालीम लिएर आएको बताए । तालीमपछि धुपबत्ती र दियो बनाउने काम धमाधम भइरहेको बताइएको छ। पहिलो चरणमा सय 'प्याकेट' निर्माणपछि बजारमा बिक्री गर्ने तयारी रहेको सदस्य उपेन्द्र न्यौपानेले जानकारी दिए। "गाईको गोबर प्रयोग गरी बनाइएको धुपबत्तीको सुगन्ध हवन गरेको जस्तो आउने, वातावरणका हिसाबले पनि राम्रो हुन्छ"–उनले भने–"यसरी विभिन्न सामग्री निर्माण गरी भएको आम्दानी गाई संरक्षणमा खर्च गरिने छ। यो धुपबत्ती बजारमा पाइने केमिकल मिसावट धुपभन्दा स्वास्थ्यका हिसाबले पनि लाभदायक छ।"

गौशालाले शुरूमा गाईको गोबरबाट ५५ घरमा ग्याँस वितरण, गाईको गोबर मल बिक्री शुरू गरेको छ। दीपावलीलाई लक्षित गरेर धुपबत्ती र विभिन्न प्रकारका दियो बनाउन थालिएको छ। गौशालाले गर्ने, कथावाचकले गौशालामा उत्पादन भएका सामग्रीको बजारीकरणमा सघाउने सल्लाह भइरहेको उनको भनाइ छ।



यससँगै नम्बरप्लेट, शुभलाभका चित्र, भगवान्का मूर्ति, प्रमाणपत्रलगायत सामग्री निर्माण गर्ने योजना रहेको गौशालाका सचिव जोशीले बताए । "गाईको गोबरबाट विभिन्न सामग्री बनाउन सकिने रहेछ"–उनले भने–"यी विभिन्न सामग्री निर्माणका लागि मेशीन खरीद गर्ने तयारी गरेका छौं । उच्च रक्तचापका बिरामीका लागि चाहिने सामग्री पनि बनाउने तयारी छ।"

गौशालाले श्रीमद्भागवत महायज्ञ

सामुदायिक पशु चौपाया व्यवस्थापन तथा प्रवर्द्धन समिति टीकापुर गौशालाले अहिले ७३० गाईको संरक्षण गरिरहेको छ। यसरी विभिन्न सामग्रीसमेत उत्पादन हुन थालेपछि केही युवाले रोजगार पाउने बताइएको छ । केही वर्षदेखि नगरपालिकाले सञ्चालन गर्दै आएको गौशाला गएको जेठ महीनादेखि समितिले सञ्चालन गरिरहेको छ । गौशालामा रहेका गाईको व्यवस्थापन खर्च समिति आफैंले बेहोर्ने गरेको छ ।

# शान्ति तथा सद्भावका लागि संवाद

विचार



शुक्रऋषि चौलागाईं

**प्रत्येक धर्मको मूल मानव धर्म नै हो । तथापि कतिपय क्षेत्रमा धर्मकै नाममा युद्ध पनि हुने गर्छ । धर्म र समुदायका नाममा हुने र हुन सक्ने उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउविरुद्ध धर्मगुरुहरू एकजुट हुनु यस क्षेत्रका लागि सुखद पक्ष हो ।**

शान्ति, सुरक्षा सबैको चासो र चिन्ताको विषय पनि हो । शान्तिविना कुनै पनि विकास र सहज जीवनयापन सम्भव छैन । शान्ति नचाहने विरलै कोही होला, तर पनि कुनै न कुनै बहाना या स्वरूपमा समाजमा अशान्ति मचाउने प्रयास भइरहेकै हुन्छ । शान्ति, सुरक्षा कायम गर्ने प्रमुख दायित्व राज्यको हो । तथापि, उसको मात्र कर्तव्य भने कदापि होइन । सुरक्षा प्रदान गर्ने, सहज वातावरण बनाउने काम प्रत्यक्षरूपमा राज्यका संयन्त्रसँग सम्बन्धित छ भने शान्ति, सद्भाव आम नागरिक र तिनको भावनासँग जोडिएको छ ।

नागरिकको जीउधनको सुरक्षा गर्ने काम राज्यको नै भएपनि नागरिक पनि चुप लागेर बस्न भने मिल्दैन । पछिल्लो चरणमा समाज अनेक नाममा विवादित र विभाजित बन्न खोजिरहेको छ । केही दिनदेखि नेपालगंज अशान्त छ । स्थानीय प्रशासनले शान्ति, सुरक्षा र सद्भाव कायम गर्ने प्रयास जारी राखेको छ । सद्भाव कायम गर्नका लागि प्रमुख राजनीतिक दलदेखि नागरिक समाज पनि अग्रसर छ ।

नेपालगंजको पछिल्लो घटनाक्रम उल्लेख गरेर घाउ कोट्याउन खोजिएको होइन तर यस्तो घटना किन हुन्छ ? यसबाट कसलाई के फाइदा हुन्छ ? हामीले विगतबाट के सिक्यौं ? के सिक्न जरूरी छ ? भन्ने कुरा चाहिं उल्लेख गर्न आवश्यक छ । सामाजिक सञ्जालमा सार्वजनिक गरिएको व्यक्तिगत विचार र प्रतिक्रियाबाट शुरू विवाद हिंसात्मक झडपमा परिणत भएको देखिन्छ । दुई समूहबीच झडप भएपछि अशान्त बनेको नेपालगंज अब बिस्तारै सामान्य हुँदैछ । असोज १६ गते ओमकार परिवार नेपालगंजको आह्वानमा प्रदर्शन भयो । अर्को समूहबाट ढुङ्गा प्रहार भएपछि स्थिति झडपमा परिणत भएको बताइन्छ ।

त्यस अघि सोही दिन बिहान ८ बजे स्थानीय प्रशासनकै अगुवाइमा सद्भाव ऱ्यालीसमेत प्रदर्शन गरिएको थियो । असोज ११ गते अर्थात् मोहम्मद डेको दिन नैरनापुरका एकजना हिन्दू युवकले अर्को समुदाय (मुस्लिम) लक्षित 'स्टाटस' लेखे । यसको प्रतिक्रियास्वरूप नेपालगंजका एक वडाध्यक्षले हिन्दू लक्षित 'स्टाटस' लेखेपछि विवाद बढ्न पुगेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार तिनै वडाध्यक्षको नेतृत्वमा असोज १४ गते नेपालगंजमा प्रदर्शन भयो । प्रशासन घेराउ गर्दै उग्रता प्रकट गरिएपछि हिन्दूहरू थप आक्रोशित भए ।

फलस्वरूप हिन्दूवादीले १६ गते बन्द आह्वान गरे तर बन्द नगर्न आह्वानसहित प्रशासनले सर्वपक्षीय भेला डाकेर सद्भाव ऱ्याली निकाल्ने निर्णय गऱ्यो । यो निर्णयलाई हिन्दूहरूले पूर्णरूपमा स्विकार्न सकेनन् । त्यही दिन ठूलो सङ्ख्याको उपस्थितिमा विरोध प्रदर्शन भयो । यसै क्रममा विपी चोक क्षेत्रमा एकापसमा झडप भयो । तोडफोड र धनमाल क्षति पनि भयो । थप तनाव बढ्ने भएपछि प्रशासनले निषेधाज्ञा लगायो । तर यी सबै घटनाक्रम किन भए ? कसको स्वार्थमा भए ? अझै वास्तविकता खुलेको छैन ।

कसैले स्टाटस लेखेकै भरमा सडक प्रदर्शन हुनुले हाम्रो समाजको सोच र बौद्धिकताको मापन गर्छ । कहिलेकाहीं नेपालगंज ससाना कुरामा पनि उत्ताउलो र अराजक भइदिन्छ भन्ने कुराको यो गतिलो उदाहरण हो । भारतसँग जोडिएको बहुधर्म/बहुभाषी बसोवास नेपालगंज संवेदनशील शहर हो । नेपालगंजमा विभिन्न धर्मावलम्बी बस्छन् । यहाँ हिन्दू, मुस्लिम, क्रिश्चियन, बौद्ध, सिख धर्म मान्ने व्यक्तिहरू छन् । बेलाबेला यहाँ जाति, समुदाय, धर्मका नाममा उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउने गतिविधि हुने गर्दछ । नेपालगंजमा २०५३ र २०६३ सालमा पनि यस्तै अशान्ति भयो । यसपटक पनि हिंसात्मक बनाउन खोजिएको थियो । हिंसाले जात–धर्म हेर्दैन । उसले पुऱ्याउने भनेको क्षति, दुःख–कष्ट मात्र हो भन्ने कुरा नेपालगंजवासीले नबुझेका हैनन् । तर पनि घटनाको पुनरावृत्ति हुनु दुःखद र चिन्तनीय छ । तत्कालका लागि शान्ति सुरक्षाको स्थिति सुदृढ नै देखिए पनि एक खालको त्रास भने यथावत् छ ।

**संवादको पहल**

शान्ति सुरक्षा कायम गर्ने मुख्य जिम्मेवारी प्रहरी प्रशासनको हो । प्रमुख जिल्ला अधिकारीलगायत सुरक्षा प्रमुखको सम्भावित द्वन्द्वप्रति सचेतता, तयारी र सुझबुझपूर्ण निर्णय र कार्यनीतिले नै यस्ता खाले विवाद, झडप र हिंसात्मक गतिविधि नियन्त्रण हुने हुन् । ऱ्याली प्रदर्शनलाई प्रहरी/प्रशासनले शुरूमा सामान्यरूपमा बुझ्नुबाहेक थप हिंसा र क्षति हुनबाट भने जोगाएकै हो । शान्ति सुरक्षाका लागि आफ्नो सुरक्षा रणनीति र बलबुताले मात्र हैन, स्थानीय प्रशासनले नागरिक समाज र विभिन्न सङ्घ–संस्थाबाट पनि सल्लाह, सहयोग लिन आवश्यक छ । सुरक्षा बढाएर, निषेधाज्ञा लगाएर मात्र शान्ति सुरक्षा र सद्भाव कायम हुन्छ भन्ने पक्षमा सुरक्षा अधिकारी पनि छैनन् । पछिल्लो चरण स्थानीय प्रशासनले शान्ति, सद्भावका लागि समाजका विशिष्ट व्यक्तित्वसँग संवाद, परामर्श र सहकार्य बढाएको छ ।

नजीकिंदो चाडपर्वलाई मध्यनजर गरेर पनि संवाद थालनी गरिंदै छ । अधिकारकर्मी, उद्योगी–व्यवसायी अगुवा, नागरिक समाजका अगुवा र बुद्धिजीवीसँग नियमित छलफलले शान्ति, सद्भावका पक्षमा माहोल सिर्जना गरेको छ । विभिन्न धर्मगुरुसँग सल्लाह, सुझाव र साथ लिंदै आइएको छ । आन्दोलनको अगुवाइ गर्ने व्यक्ति र सङ्घ–सङ्गठनसँग पनि संवाद गरेरै सहज वातावरण बनाइनुपर्छ भन्ने बुझाइ छ । समाजमा संवादको वातावरण बनाउनु, सर्व–धर्म सम–भाव पैदा गर्नु, आध्यात्मिक चिन्तन अभिवृद्धि गर्नु, सामाजिक सद्भाव कायम गर्नु र शान्तिमय वातावरण बनाउनु नै अहिलेको प्रमुख आवश्यकता हो ।

**अझै बढ्दो जिम्मेवारी**

कसैको एकल पहलले मात्र शान्ति, सद्भाव सम्भव छैन । हामी स्वयं आफ्ना लागिमात्र नभई समाजको सुरक्षा र विकासका लागि क्रियाशील र जिम्मेवार बन्नुपर्दछ । समाजमा हुने हरेक घटनाको प्रथम प्रत्यक्षदर्शी र भुक्तभोगी नागरिक नै हो । तसर्थ नागरिकको भूमिका पनि कम आँक्न हुँदैन । त्यसमाथि नागरिक अगुवाको भूमिका त झनै हुने गर्दछ । शान्ति सुरक्षाका लागि प्रहरीलाई जनताको सधैं साथ र सहयोग चाहिन्छ । प्रहरीलाई जनताले सही समयमा सही सूचना दिन सके आधा घटना (हिंसा) कम हुने प्रहरीको विश्वास छ । प्रहरीले पनि जनतासँग सुमधुर सम्बन्ध राख्ने, सूचना आदानप्रदान गर्ने, जनतासँग समन्वय र सहकार्य गर्ने संस्कार बसाल्न जरूरी छ ।

हालैका दुवै प्रदर्शनमा किशोरहरूको उल्लेख्य सहभागिता देखिनुलाई हामीले संवेदनशीलरूपमा बुझ्नुपर्छ । उनीहरू साँच्चीकै विषयवस्तु बुझेर लागेका हुन् या कसैको बहकाउमा लागेर आएका हुन् ? यसले के प्रस्टयाउँछ भने अब युवा/विद्यार्थीलाई लक्षित गरेर धार्मिक, आध्यात्मिक र सद्भाव शिक्षा दिन जरूरी छ । विद्यार्थीका सङ्घ–सङ्गठन, युवा क्लब, युवाका विभिन्न सङ्घ–सङ्गठनमा आबद्धहरूलाई सद्भाव शिक्षा र संवाद संस्कृतिबारे शिक्षा दिनुपर्ने देखिन्छ । नेपालगंजमा विभिन्न धर्मावलम्बीका मानिस बस्ने गर्दछन् । उनीहरू हिन्दू, मुस्लिम, क्रिश्चियन, बौद्ध, सिख धर्मका अनुयायी हुन् । यहाँ विभिन्न धर्मका धर्मगुरुहरू पनि छन् । तथापि उनीहरूको भूमिका धर्मको दायरामा मात्र सीमित छैन । धर्मगुरुले शान्ति, सुरक्षा, सद्भाव कायम गर्न अनेक भूमिका र जिम्मेवारी निर्वाह गर्दै आएका छन् । धर्मगुरुहरू अन्तर्धार्मिक तथा सामाजिक सद्भाव मञ्चमार्फत पनि शान्ति, सद्भाव कायम गर्न क्रियाशील छन् ।

प्रत्येक धर्मको मूल मानव धर्म नै हो । तथापि कतिपय क्षेत्रमा धर्मकै नाममा युद्ध पनि हुने गर्छ । धर्म र समुदायका नाममा हुने र हुन सक्ने उच्छृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउविरुद्ध धर्मगुरुहरू एकजुट हुनु यस क्षेत्रका लागि सुखद पक्ष हो । शान्ति, सद्भाव अभिवृद्धिमा उनीहरूको भूमिका प्रशंसनीय छ । किनकि प्रत्येक धर्मको मूल मानव धर्म नै हो । हरेक धर्म, वर्ग र समुदायबीच आपसी मेलमिलाप, सद्भाव, एकता र प्रेम प्रस्फुटन गराउनुपर्ने आवश्यकता पनि छ । समाजमा अनेक खाले भ्रम र अफवाह पनि फैलाइने गरिन्छ । धार्मिक विवाद र द्वन्द्वका बेला सञ्चारकर्मी र सञ्चारमाध्यम झन् संवेदनशील र जिम्मेवार बन्नुपर्छ । विगतको पाठ सिक्दै नेपालगंजवासी फेरि पनि शान्ति, सद्भाव र भाइचाराको वातावरण बनाउन सदैव जुटिरहेका छन्, जुटिरहने छन् । अन्तमा 'त्यही मानिस धार्मिक हो, जसले अर्काका लागि त्याग गर्न सक्छ' भन्ने भगवान् गौतम बुद्ध वाक्यझैं त्यही असल काम हो जसले धेरैलाई शान्ति र फाइदा हुन्छ ।

**–लेखक नेपालगंजका क्रियाशील पत्रकार हुन्/रासस**



माईस्थानको गहवामाई मन्दिरअगाडिको स्थान सौन्दर्यीकरण गरिएपछि बेन्चमा बसेर आराम गर्दै सर्वसाधारण । तस्वीरः नितेश कर्ण

## फरक समाचार

# हमासले के चाहन्छ ?

इजिप्टको सबैभन्दा पुरानो र ठूलो इस्लामी सङ्गठनको रूपमा पहिचान बनाउने मुस्लिम ब्रदरहुडसँग हमासको सीधा सम्बन्ध छ । यस मुस्लिम ब्रदरहुड सङ्गठनलाई



इख्वान अल–मुस्लमीन पनि भनिन्छ । यसको स्थापना इजिप्टमा बस्ने हसन अल–बन्नाले सन् १९२८ मा गरेका थिए । हमास सैन्य शाखा भएको इस्लामी सङ्गठन हो, जुन सन् १९८७ मा अस्तित्वमा आएको थियो ।

हमासले अहिले इजरायलमाथि हमला गरेको छ । मुस्लिम ब्रदरहुडबाट निस्केको यो सुन्नी इस्लामवादी समूह हो । मुस्लिम ब्रदरहुडको नाता कट्टरपन्थी प्यालेस्टिनी सङ्गठन हमास र लेबनानस्थित शिया चरमपन्थी सङ्गठन हिज्बुल्लाहसँग पनि छ । भनिन्छ, यसै कारणले अमेरिकासँग ब्रदरहुडको सम्बन्ध निकै बिग्रेको छ ।

हमास शब्द हरकत अल–मुकावामा अल–इस्लामियाको सङ्क्षिप्त रूप हो, जसको मतलब हो– इस्लामी प्रतिरोधको लागि आन्दोलन । अधिकांश प्यालेस्टिनी गुट र राजनीतिक दलसरह समूह यसमाथि जोड दिन्छ कि इजरायल एउटा कब्जा गर्ने शक्ति हो र उसले प्यालेस्टिनी क्षेत्रलाई स्वतन्त्र गर्ने कोशिश गरिरहेको छ । उसले इजरायलाई अवैध राज्य मान्दछ । इजरायललाई मान्यता दिन अस्वीकार गर्ने अर्को कारण हो, उसले अतीतमा शान्तिवार्ता अस्वीकार गरेको थियो ।

सिएनएको रिपोर्ट अनुसार सन् १९९३ मा हमासले ओस्लो सम्झौताको विरोध गरेको थियो, जुन इजरायल र प्यालेस्टिनी लिबरेशन अर्गनाइजेशनबीच एउटा शान्ति सम्झौता थियो ।

हमास गाजापट्टीलाई नियन्त्रित गर्छ, जुन एउटा यस्तो क्षेत्र हो जहाँ लगभग २० लाख प्यालेस्टिनीको घर छ र आतङ्कवादी र इजरायल बलबीच लडाइँको दौरान प्रायः नागरिक हताहत हुन्छन् । सिएनएको रिपोर्ट अनुसार हमासले पछिल्लो केही वर्षमा इजरायलमाथि थुप्रै हमला गरेको दाबी गरेको छ । उसलाई अमेरिका, युरोपियन सङ्घ र इजरायलद्वारा एउटा आतङ्कवादी सङ्गठनको रूपमा नामित गरिएको छ । इजरायलले आफ्नो कट्टर दुश्मन इरानमाथि हमासलाई समर्थन गरेको आरोप लगाएको छ ।

इजिप्टको सबैभन्दा पुरानो र ठूलो इस्लामी सङ्गठनको रूपमा मुस्लिम ब्रदरहुडको पहिचान छ । यस सङ्गठनको स्थापनापछि विश्वभरका थुप्रै इस्लामी आन्दोलनलाई प्रभावित भएका छन् । मध्यपूर्वको थुप्रै देशमा यसका सदस्यहरू छन् । जब यसको स्थापना भएको थियो तब यसको आन्दोलनको उद्देश्य थियो इस्लामको नैतिक मूल्य र राम्रो कामको प्रचार गर्ने । यद्यपि चाँडै नै राजनीतिमा मुस्लिम ब्रदरहुडले आफ्नो खुट्टा पसारेको छ ।

# मातृत्वको लागि गर्भावस्थाको हार्मोन तयार रहन्छ

गर्भवती भएको बेला केवल महिलाहरूको शरीरमा मात्र बदलाव हुँदैन । मुसामाथि गरिएको अध्ययन अनुसार मातृत्वको तयारीको लागि मस्तिष्क पनि रि–वायर्ड हुन्छ । चर्चित पत्रिका साइन्समा प्रकाशित निष्कर्ष अनुसार एस्ट्रोजेन र



प्रोजेस्टेरोन दुवै मस्तिष्कमा न्युरोन्सको एउटा छोटो भागमा सन्तान आउनुभन्दा पहिले माताको व्यवहारलाई अन गर्ने कार्य गर्छ । यस अनुकूलनको परिणामस्वरूप बच्चाले मजबुत र बढी चयनात्मक प्रतिक्रिया पाउँछ ।

आमा बन्नुभन्दा पहिले मुसा ससाना बच्चासँग बढी घुलमिल हुँदैन, जबकि आमा आफ्नो अधिकांश समय बच्चाको हेरचाहमा बिताउँछन् । अध्ययनमा फ्रान्सिस क्रिक इन्स्टिट्च्युटका शोधकर्ताले मुसा गर्भावस्थाको दौरान मातृत्व व्यवहारमा वृद्धि देखिएको थियो र व्यवहारमा यस बदलावको लागि बच्चाको सम्पर्कमा आउनु आवश्यक हुँदैन । मस्तिष्कको एउटा क्षेत्रमा तन्त्रिका कोशिका (व्यक्त गर्ने न्युरोन्स गैलानिन)को आबादी, जसलाई हाइपोथैलेमसको औसत दर्जाको प्रिओप्टिक क्षेत्र (एमपिओए) भनिन्छ, जुन पालनपोषणसँग जोडिएको हुन्छ, एस्ट्रोजेन र प्रोजेस्टेरोनबाट प्रभावित थियो ।

क्रिकका जोनी कोलले भने– हामीलाई थाहा छ कि गर्भावस्थामा महिलाहरूको शरीरमा बदलाव आउँछ जसले बच्चालाई हुर्काउन तयारी गर्न सकियोस् । यसको एउटा उदाहरण दूध बन्नु हो, जुन जन्म दिनुभन्दा धेरै पहिले शुरू हुन्छ । हाम्रो शोधले पत्ता लगाएको छ, यस्तो तयारी मस्तिष्कमा पनि भइरहेको हुन्छ । उनले भने हाम्रो बुझाइमा यो परिवर्तन, जसलाई प्रायः बेबी ब्रेन भनिन्छ, प्राथमिकतामा बदलावको कारण बन्छ, कुमारी मुसा सम्भोगमाथि ध्यान केन्द्रित गर्छे, यसैले उसले अन्य पोथीको बच्चामाथि प्रतिक्रिया गर्न आवश्यकता हुँदैन, जबकि आमालाई मजबूत अभिभावकीय व्यवहारको आवश्यकता हुन्छ, जुन बच्चाको अस्तित्व सुनिश्चित गर्नको लागि जरूरी हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायल–गाजा आक्रमणमा सयौंको मृत्यु

जेरुसेलम, २१ असोज⁄एएफपी

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले प्यालेस्टिनी लडाकू समूहले एक्कासि इजरायलमाथि गरेको आक्रमणमा हमाससँगको लडाइँमा दुवै पक्षका सयौं व्यक्तिको मृत्यु भएपछि ‘लामो र कठिन’ युद्ध हुने चेतावनी दिएका छन्। दशकौंयताको सबैभन्दा रक्तपातपूर्ण द्वन्द्वमा हमासले शनिवार व्यापकरूपमा स्थल, हवाई र समुद्री आक्रमण गरेको थियो । इजरायली सेनाका अनुसार हमासको आक्रमणमा २०० भन्दा बढी इजरायलीको मृत्यु भएको र एक हजारभन्दा बढी घाइते भएका छन् । हमासले सैनिक र सर्वसाधारणलाई बन्धक बनाएको पनि इजरायली सेनाले बताएको छ ।


इजरायलको सेरोटमा शनिवार प्यालेस्टिनी बन्दूकधारीहरूको शव। फोटो : एपी

यसैबीच, गाजाका अधिकारीहरूले तटीय इलाकामा इजरायलले गरेको प्रत्याक्रमणका कारण कम्तीमा २५६ प्यालेस्टिनीको मृत्यु भएको र करीब एक हजार ७८८ जना घाइते भएका बताएका छन्।

लेबनानको शक्तिशाली इरान समर्थित ‘हिजबुल्लाह मुभमेन्ट’ हमासले इजरायलविरुद्ध गरेको कारबाईप्रति ‘ऐक्यबद्धता जनाउन’ विवादित सीमा क्षेत्रमा इजरायली चौकीमा ‘ठूलो सङ्ख्यामा तोपका गोला र निर्देशित क्षेप्यास्त्र’ प्रहार गरेको जनाएको छ ।

इजरायली सेनाले यस अघि दक्षिणी लेबनानमा आक्रमणकारीको पहिचान नै नगरी गोली चलाएको बताएको थियो ।

नेतन्याहूले उक्स (ट्वीटर) मा लेखेका छन्–“हामी लामो र कठिन युद्धमा लागेका छौं । हमासको अन्धाधुन्ध आक्रमणका कारण हामीमाथि युद्धको भार थोपरिएको छ ।” “पहिलो चरणमा हाम्रो भूमिमा घुसपैठ गर्ने अधिकांश शत्रु सेनाको विनाश हुँदैछ”–उनले लेखेका छन् ।

रातभर इजरायलले गाजापट्टीमा हवाई आक्रमण गरेको थियो भने प्यालेस्टिनी भूमिबाट इजरायली क्षेत्रमा रकेट प्रहार भएको थियो ।

गाजाको सीमापारिको स्डेरोट प्रहरी चौकीलगायत विभिन्न स्थानमा इजरायली सेना र हमासका सयौं लडाकूबीच आइतवार बिहान पनि गोली हानाहान भइरहेको छ ।

प्रहरी र इजरायली सेनाको विशेष फौजले स्टेशनभित्र लुकेर बसेका १० जना सशस्त्र आतङ्ककारीलाई निष्प्रभावी पारेको प्रहरीले जनाएको छ ।

सन् १९७३ को अरब–इजरायल युद्ध शुरू भएको आधा शताब्दीपछि हमासले शनिवार गरेको रक्तपातपूर्ण हवाई, समुद्र र स्थल आक्रमणले इजरायल र विश्वलाई चकित एवं दुःखी तुल्याएको छ । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को आपतकालीन बैठक आइतवारका लागि बोलाइरहँदा राष्ट्रपति जो बाइडेनले अमेरिकी सहयोगी (इजरायल)लाई ‘चट्टानी र अटूट’ समर्थन व्यक्त गर्दै ‘यस परिस्थितिमा फाइदा लिन इजरायलविरोधी अन्य कुनै पनि पक्ष’ लाई चेतावनी दिएका छन् ।

इजरायली सेनाले रातभर र अझै पनि इजरायलका विभिन्न स्थानमा गोली हानाहानमा संलग्न रहेको बताएको छ, ‘फलामका तरवारहरू’ नाम दिइएको एक प्रतिरोधात्मक आक्रमणमा सेनाको सञ्चित बल बोलाइएको थियो ।

हमासले यस अघि केही इजरायलीलाई बन्धक बनाएको तस्बिर सार्वजनिक गरेको थियो भने सेनाका अर्का प्रवक्ता डेनियल हागारीले सैनिक र सर्वसाधारणको अपहरण भएको पुष्टि गरेका थिए ।

गाजाको पूर्वमा पर्ने बेरी र ओफाकिमका नेगेभ मरुभूमि समुदायमा पनि ‘गम्भीर बन्धकको अवस्था’ रहेको उल्लेख गर्दै उनले भने–“म अहिले नै उनीहरूबारे तथ्याङ्क दिन सक्दिनँ ।”

यनेट इजरायली समाचार वेबसाइटका अनुसार ‘धेरै महिला, बालबालिका र वृद्धहरूसहित दर्जनौं इजरायली बन्दीहरूलाई गाजापट्टी लगिएको विश्वास गरिएको छ’ ।

नेतन्याहूका अनुसार युद्धका कारण इजरायलले गाजाको बिजुली, इन्धन र सामान आपूर्ति बन्द गरेको छ ।

इस्लामिक समूहले स्थानीय समय अनुसार शनिवार बिहान ६:३० बजे तेल अविव र जेरूसेलमसम्म हजारौं रकेट प्रहार गर्दै ‘फलामको गुम्बज प्रतिरक्षा प्रणाली’ छिचोल्दै इजरायली भवनहरूमा आक्रमण गरेको थियो । रासस

## एशियाली खाना महोत्सवमा बढ्दो आकर्षण

संयुक्त राज्य अमेरिका, २१ असोज ⁄सिन्ह्वा

दक्षिण पश्चिम अमेरिकाको मार्टिन अटो म्युजियममा शनिवार आयोजना गरिएको एशियाली खाना महोत्सवले खानाप्रेमीहरूलाई आकर्षित गरेको छ ।

मुछेको पीठोलाई बेलेर विभिन्न आकार बनाइ यसभित्र तरकारी र मसलाहरूको मिश्रण राखी बनाइएका खानाका परिकारको विविधताको स्वाद चखाउने महोत्सवमा १५ भन्दा बढी स्थानीय खाद्य व्यवसायहरू संलग्न हुने गरेका छन् ।

महोत्सवमा चीन, जापान, थाइल्यान्ड, भियतनाम, नेपाललगायतका एक दर्जनभन्दा बढी एशियाली देशहरूका सयौं स्वादिष्ट परिकारहरू राखिएका थिए । परम्परागत र स्थानीय खानामा मात्रा सीमित नभएर विश्वभरका धेरै किसिमका परिकार राखिएकाले महोत्सवको रौनक निकै उत्साहजनक बनेको थियो ।

परिकारमा मम, चाउचाउ, चाउमिनसहित चिया, कफीलगायतका विदेशी पेय पदार्थहरू संलग्न गरिएका थिए ।

सहभागी क्याथरिन र एडम मिनीले इन्स्टाग्राममार्फत एशियाली खाना महोत्सवको बारेमा थाहा पाएर आएका बताए । सबै प्रकारका एशियाली खानेकुराहरू एकै स्थानमा पाइने तथा एशियाली संस्कृतिबारेमा बुझ्नसमेत पाइने भएकाले महोत्सव आकर्षक भएको उनीहरूले बताए । रासस

## अफगानिस्तानमा भूकम्पः दुई हजारभन्दा बढीको मृत्यु

अफगानिस्तान, २१ असोज⁄एएफपी

पश्चिमी अफगानिस्तानमा गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या आइतवार ह्वात्तै बढेर दुई हजारभन्दा बढी पुगेको छ । शनिवार गएको ६.३ म्याग्निच्युडको भूकम्पको केन्द्रबिन्दु प्रान्तीय राजधानी हेरातबाट ३० किलोमिटर उत्तरपश्चिममा रहेको दुर्गम क्षेत्रमा परेको थियो । “दुर्भाग्यवश, हताहतको सङ्ख्या व्यावहारिकरूपमा धेरै देखिएको छ”– सरकारका उपप्रवक्ता बिलाल करिमीले आइतवार भने ।

उनले एएफपीसँग भने–“मृतकको सङ्ख्या एक हजारभन्दा बढी छ । उद्धारका धेरै प्रयास भइरहेका छन् । आइतवार प्राप्त आँकडाले हताहत हुनेको सङ्ख्या योभन्दा निकै धेरै पुग्ने अनुमान गरिएको छ ।”

जिन्दा जान जिल्लाको सर्वोल्यान्ड गाउँमा शनिवार रात परेपछि एएफपीका संवाददाताले भूकम्पको केन्द्रबिन्दुनजीकै दर्जनौं घर भत्किएको पुष्टि गरेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार हेरात प्रान्तका कम्तीमा १२ गाउँका ६०० भन्दा बढी घरमा पूर्ण वा आंशिक क्षति भएको छ ।

प्रत्यक्षदर्शी स्थानीय ४२ वर्षीय वशीर अहमदले भूकम्पको पहिलो झट्कामा सबै घर भत्केका र घरभित्रका मानिसहरू पुरिएका थिए। उनले भने–“अझै हामीले कुनै खबर नसुनेका धेरै परिवार छन् ।”

स्थानीय नेक मोहम्मदले एएफपीसँग कुरा गर्दै स्थानीय समय अनुसार बिहान ११:०० बजे पहिलो भूकम्प आउँदा आफू काममा रहेको तर भूकम्पपछि हतारहतार घर फर्कदा त्यहाँ केही पनि बाँकी नदेखेको बताए । “सबै कुरा भूकम्पबाट ढलेका घरका भग्नावशेषमुनि पुरिएका थिए”– उनले भने । शनिवार स्थानीय र घटनास्थल वरपर उपलब्ध सुरक्षाकर्मीको सहयोगमा करीब ३० जनाको शव निकालिएको थियो।

भूकम्पपछि स्थानीयले खुला आकाशमा रात बिताएको बताए । मोहम्मदले भने–“अहिलेसम्म हामीसँग ओढ्ने कम्बल वा खानेकुरा केही पनि छैन । हामी आफन्त गुमाएको शोकमा छौं र खाना पनि खान पाएका छैनौं ।”

डब्लुएचओले शनिवार राति क्षतिको विवरण आउने क्रम जारी रहेकोले तत्काल यति नै हताहत भएको भन्ने अनुमान गर्नु हतार हुने बताएको थियो ।

हेरात शहरमा पहिलो भूकम्पको धक्का महसूस भएपछि त्यहाँका बासिन्दाले घर, विद्यालय, अस्पताल र कार्यालयहरू खाली गराएका थिए । बजार क्षेत्रमा हताहतको धेरै घटना भएको रिपोर्टहरू आएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – कान्तिक्षय | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – सफलता | वृश्चिक – राज्यभय |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – शत्रुभय | मीन – चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**मूर्ति विसर्जन गर्न लगिँदै:** सुनसरीको इनरुवामा आइतवार जितिया पर्वमा पूजा गरिएका भगवान्का मूर्ति विसर्जन गर्न लैजाँदै । तस्बिरः रासस

## चाडपर्व लक्षित विशेष सुरक्षा योजना लागू

काठमाडौं, २१ असोज⁄रासस

नेपाल प्रहरीले दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै आइतवारदेखि विशेष सुरक्षा योजना लागू गरेको छ। विशेष सुरक्षा योजना अन्तर्गत देशभर कुल ५० हजार ५३० जना प्रहरी खटाइएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए ।

उनका अनुसार विगतका चाडपर्वमा भएको सुरक्षा कमीकमजोरीलाई मध्यनजर राख्दै केन्द्रीय सुरक्षा योजनासहित सबै प्रहरी युनिटले आआफ्नै सुरक्षा चुनौती अनुसार सुरक्षा योजना तयार पारी यस वर्षको दशैं तिहार सुरक्षा योजनालाई बलियो र मजबूत पारिएको छ ।

दशैं र तिहारको समयमा नेपाल प्रहरीका गण तथा गुल्ममा रिजर्भमा रहेको फोर्सलाई समेत परिचालन गरिएको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताए । घर बन्द गरेर तस्बिर खिचेर घर खाली भएको जानकारी हुनेगरी सामाजिक सञ्जालमा पोस्ट नगर्न पनि प्रहरीले आग्रह गरेको छ ।

चाडपर्वमा आपराधिक क्रियाकलाप बढी हुने भएकाले त्यसतर्फ सबैले चनाखो भएर लाग्न तथा आफ्ना घर, छिमेकमा त्यहाँ गतिविधि भएमा वा हुने सङ्केत देखिएमा तत्काल नजीकको प्रहरी युनिटमा वा निश्शुल्क नम्बर १०० मा खबर गर्न समेत प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले आग्रह गरे ।

प्रहरी प्रधान कार्यालयले चाडपर्व लक्षित विशेष सुरक्षा योजना आजदेखि देशैभरका प्रहरी युनिटहरूमा लागू गर्न सर्कुलर जारी गरेको छ ।

दशैं, तिहार विशेष सुरक्षा योजना लागू भएसँगै सम्भावित जोखिम क्षेत्रको पहिचान गरी चोरी तस्करीलगायत आपराधिक क्रियाकलाप रोक्नका लागि प्रहरी २४सैं घण्टा खटिने प्रवक्ता कडायतले बताए ।

## शेयर धितो कर्जाको सीमा बढ्दा पनि घट्यो नेप्से परिसूचक

काठमाडौं, २१ असोज⁄रासस

शेयर धितो कर्जाको सीमा बढाउँदा पनि पूँजी बजारका लगानीकर्तामा उत्साह नदेखिएपछि आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३५ दशमलव ६७ अङ्कले घटेको छ । परिसूचक एक दशमलव ८२ प्रतिशतले घटेर एक हजार ९२१ दशमलव २४ को बिन्दुमा कायम भएको हो ।

पूँजी बजारका लगानीकर्ताको मनोबल बढाउन भन्दै शेयर धितो कर्जासम्बन्धी व्यवस्था केही खुकुलो बनाइए पनि त्यसको सकारात्मक प्रभाव भने बजारमा देखिएन । नेपाल राष्ट्र बैंकले गत बिहीवार बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८० मा संशोधन गर्दै मार्जिन प्रकृतिको शेयर धितो कर्जाको सीमा बढाएको थियो ।

यसअघि शेयर धितो कर्जाका रूपमा समग्र वित्तीय प्रणालीबाट रु १२ करोडसम्मको मात्रै कर्जा पाउने व्यवस्था थियो। त्यसलाई बढाएर व्यक्तिको हकमा रु १५ करोड र संस्थाको हकमा रु २० करोड बनाइएको छ । शेयर धितो कर्जाको सीमा बढ्दा त्यसको सकारात्मक प्रभाव बजारमा देखिने अनुमान गरिएको थियो ।

आज २८९ कम्पनीका ५८ लाख १५ हजार १८९ कित्ता शेयर ५९ हजार १७१ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ८० करोड १७ लाख ६६ हजार २९४ बराबरको कारोबार भएको छ। आज सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूह दुई दशमलव ७२ र होटल तथा पर्यटन समूह दुई दशमलव ३५ प्रतिशतले घटेका छन्।

आजको कारोबारमा १६ वटा कम्पनीको शेयर मूल्य मात्रै बढेको छ। सबैभन्दा धेरै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य नौ दशमलव ५९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड र गरिमा डिभेन्चर–

(बाँकी अन्तिम पातामा)

## प्रहरी र समुदायबीच अन्तर्क्रिया



नरेश यादव, पर्सागढी, २१ असोज⁄

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले पर्सागढी नगरपालिका–९ मनवाबजार र पटेर्वासुगौली गाउँपालिका–२ मा अन्तर्क्रिया कार्यक्रम गरेको छ ।

प्रहरी र समुदायबीचको पहुँच तथा गुनासोसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा प्रहरी निरीक्षक रामराजा केशरीले टोलटोलमा शान्तिसुरक्षाप्रति जनताको सोच कस्तो छ भन्ने बुझ्न कार्यक्रमको आयोजना गरिएको बताए । उनले शान्तिपूर्वक जनताले चाडपर्व मनाउन प्रहरीले सदैव सहयोग गर्ने बताए । समाजमा चेतना नभएसम्म प्रहरीले पनि समाज परिवर्तन गर्न नसक्ने बताए । उनले चाडपर्वको समयमा मदिरासेवन गरी मोटरसाइकल नचलाउन, हेलमेट लगाउन, प्रतिबन्धित सामान बिक्री वितरण नगर्न आग्रह गरे ।


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नेपाल आउने डस्टी कार्गो रक्सौलमा ह्यान्डलिङमा रोक, नेपाली व्यवसायीको कोइला भारतमा अलपत्र

राधेश्याम पटेल, वीरगंज, २१ असोज/

वीरगंजको सीमावर्ती भारतीय शहर रक्सौल रेलवे यार्डमा डस्टी कार्गोको ह्यान्डलिङमा रोक लागेको छ। गत ३० सेप्टेम्बरबाट इस्ट सेन्ट्रल रेलवे अनुमण्डल अफिस हाजीपुर, बिहारले नेपालको लागि रक्सौल भएर आउने डस्टी कार्गोको ह्यान्डलिङमा प्रतिबन्ध लगाएको हो। उच्च अदालत पटनामा परेको एक रिटमा सुनुवाइ गर्दै अदालतले गरेको आदेश अनुसार रक्सौलमा डस्टी कार्गो जस्तै क्लिङ्कर, जिप्सम, फ्लाइ–एस, डस्ट कोइलालगायत ह्यान्डलिङमा रोक लगाएको हो।



रक्सौलमा अनलोड हुँदै कोइला। तस्वीरः प्रतीक

रक्सौल रेलवे यार्डको माल गोदाममा डस्टी कार्गो ह्यान्डलिङ हुँदा रक्सौल आसपासका स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर परेको भन्दै सन् २०१६ मा रक्सौलका बासिन्दाले उच्च अदालत पटनामा सो प्रतिबन्धको लागि रिट हालेका थिए। त्यसको एक वर्षपछि पटना उच्च अदालतले रेलवे विभाग र डिआरएम अफिससँग जवाफ मागेको थियो। त्यसपछि भारतीय रेलवेको इस्ट सेन्ट्रल रेलवे हाजीपुरले पानी छर्केर प्रदूषण हुन नदिन र छ महीनाभित्रै रक्सौलनजीकै रामगढवामा डस्टी कार्गो ह्यान्डलिङ गर्ने भौतिक पूर्वाधार विकास गरी सो कार्य त्यहाँ गर्ने प्रतिबद्धता जनाउँदै डस्टी कार्गोको ह्यान्डलिङको कामलाई जारी राखेको थियो। रेलवेले भने अनुसार नगरेपछि सन् २०१९ मा पुनः रेलवेलाई विपक्षी बनाइ अदालतको मानहानि गरेको भन्दै कन्टेप्ट अफ कोर्ट (अदालतको अपहेलना) निवेदन पर्‍यो। त्यसपछि उच्च अदालत पटनाले बितेको सेप्टेम्बर महीनाको अन्तिम साता रक्सौल रेलवे यार्डमा डस्टी कार्गो ह्यान्डलिङमा रोक लगाउन आदेश दिंदै इस्ट सेन्ट्रल रेलवे हाजीपुरका प्रबन्धकलाई समेत हाजिर हुन आदेश गरेको छ। सो क्रममा अदालतको आदेश बमोजिम रेलवेले डस्टी कार्गो ह्यान्डलिङमा रोक लगाएको रेलवेको सूचनामा उल्लेख छ।

प्रतिबन्धको कारण रक्सौलका सर्वसाधारण खुशी भएका छन् भने नेपाली व्यवसायी दुःखी भएका छन्। रक्सौल यार्ड भएर अहिले मुख्यगरी कोइला आउँथ्यो। नेपाली सिमेन्ट र इँटा उद्योगको लागि चाहिने कच्च पदार्थको रूपमा कोइला भारत तथा तेस्रो मुलुकबाट रेलमार्ग भएर रक्सौलसम्म आउँछ। त्यसपछि टिपरमा राखेर आइसिपी वीरगंजको नाका हुँदै नेपाल भित्रिने गरेको थियो। तर अहिले रेलवेको यस्तो निर्देशनले नेपाली उद्योगी एवं ट्रेडिङ व्यवसाय गर्ने दुवै व्यवसायीलाई तनाव भएको छ। रक्सौलमा अहिले मासिक करीब २० र्‍याक कोइला मात्रै आउँछ। भारत, दक्षिण अफ्रिका, अमेरिकालगायत देशबाट नेपाली व्यवसायीहरूले कोइला आयात गर्छन्। एक र्‍याक कोइलाको वजन ३५ सय टनदेखि ३८ सय टनसम्म हुन्छ। अहिले तेस्रो मुलुकमा कोइलाको मूल्य खस्किएर औसतमा भारु ८ देखि १२ रुपैया प्रतिकिलोको दरमा कोइला आयात भइरहेको छ। भारु ८ मैं ३५ सय टन कोइला भित्रियो भने करीब भारु दुई करोड ८० लाख अर्थात् रु चार करोड ४८ लाख पर्छ। रेलमार्गसम्म रक्सौलसम्म ल्याउँदा ढुवानी खर्च प्रतिटन भारु एक हजार सात सय र रक्सौलबाट टिपरबाट वीरगंज ल्याउँदा प्रतिटन भारु ३५० गरी कुल भारु दुई हजार ५० पर्थ्यो भने कोलकाता र हल्दियाबाट कोइला सडकमार्गबाट ल्याउँदा भारु दुई हजार आठ सयदेखि तीन हजार दुई सय पर्ने व्यवसायीहरूको भनाइ छ। वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले रक्सौलमा लागेको प्रतिबन्धको कारण नेपाली व्यवसायीहरूको ठूलो परिमाणको कोइला भारतको कोलकाता, हल्दिया बन्दरगाहमा अलपत्र परेको जानकारी दिए। रेलवेले रक्सौल यार्डमा कोइलाको ह्यान्डलिङमा मात्रै प्रतिबन्ध लगाएको होइन, रक्सौलको लागि डस्टी कार्गोको बुकिङ, लोडिङ, अनलोडिङसमेतमा प्रतिबन्ध लगाएको उनले स्पष्ट पारे।

कोलकाता र हल्दियामा अलपत्र परेको कोइला ट्रकमा लोड गरी सडकमार्गबाट ल्याउँदा एक र्‍याक कोइलामा करीब भारु ३५ लाख खर्च बढ्ने व्यवसायीको हिसाब छ। भारत, पश्चिम बङ्गाल राज्यको कोलकाता र हल्दिया बन्दरगाहमा चिनियाँ लगानीको हवासिन सिमेन्टको सात र्‍याक र होङ्सी सिमेन्टको चार र्‍याक गरी कुल ११ र्‍याक कोइला अलपत्र परेको व्यवसायीहरूको भनाइ छ। वीरगंजका केही ट्रेडर्सको कोइला कोलकाता र रक्सौलबीच सडकमा अलपत्र परेकोसमेत जनाइएको छ। व्यवसायीले सुक्खा बन्दरगाह भन्सारमा लुज कार्गो यार्डको भुइँलाई ढलान नगरिएकोले कोइला ल्याउने अवस्था नरहेको र त्यहाँ महीनामा २० र्‍याक कोइला ह्यान्डलिङ हुन नसक्ने बताएका छन्। त्यसैगरी, रक्सौलनजीकै रामगढवामा स्टेशननजीकै विद्यालय रहेकोले पछि त्यहाँ पनि कोइला ह्यान्डलिङ गर्ने अवस्था नभएको बताएका छन्। रक्सौल यार्डमैं स्प्रिङ्कल लगाएर धूलो उड्न नदिएर कोइला ह्यान्डलिङ गर्न दिइने भन्ने विषयमा पहल गर्न वीरगंज उद्योग वाणिज्य सङ्घले नेपाल सरकारको वाणिज्य विभागलाई पत्राचार गरेको छ।

नेपाली सिमेन्ट उद्योग हवासिन, होङ्सी, मारुती, युनाइटेड, कसमस र ट्रेडर्सहरूमा लतिका कामोडिटी, प्लाटिनम, मार्केटिङ, जैसवाल कोपरेशन, अरियन्त इन्फ्रास्ट्रक्चर, पाथीभरा प्रसिद्धि ट्रेड एन्ड सप्लायर्स, जेमस्टोन मिनरल्स प्रालिलगायतले भारत तथा तेस्रो मुलुकबाट रक्सौल रेलवे यार्ड हुँदै नेपालको लागि कोइला आयात गर्ने गरेका छन्। भारतको कोलकाता र हल्दियाबाट नेपाली नाका रक्सौल रेलवे स्टेशनसम्म मात्रै डस्टी कार्गो ह्यान्डलिङ हुँदै आएकोमा अब त्यो पनि बन्द भएपछि नेपाली व्यवसायीको उत्पादन लागत बढ्नेछ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## महतो सय मिटर दौडमा प्रथम, पोखरेल लङजम्पमा तृतीय

प्रस, वीरगंज, २१ असोज/

नेपाल खेलकूद महासङ्घ, समाजवादीको आयोजनामा सङ्घीय राजधानी काठमाडौंमा जारी नेकोस खेलकूद महोत्सवमा दौड तथा लङजम्पमा मधेस प्रदेशले दुईवटा पदक हात पारेको छ। सय मिटर दौड प्रतियोगितामा पर्साका अरुण महतो प्रथम भई स्वर्ण पदक हात पारे भने लङजम्पमा तेस्रो भएर सर्लाहीकी रोजिना पोखरेलले कांस्य पदक हात पारेको एथलेटिक्स प्रशिक्षक विशेश्वर पटेलले बताए। उनले महोत्सवमा १० विधाका खेलहरू भइरहेको र असोज १३ गतेदेखि शुरू भएको महोत्सव असोज २३ गते समापन हुने बताए।



अरुण महतो, रोजिना पोखरेल। तस्वीरः सौजन्य

### बिआरआई परियोजना ...

छिटै कार्ययोजना बनाएर समयबद्ध कार्यतालिका अनुरूप दुवैतर्फका र साझा संयन्त्र परिचालन गरेर छिटो काम गर्न जोड दिए।

प्रधानमन्त्री प्रचण्डले नेपाल एक चीन नीतिको पक्षमा दृढ रहेको दोहोर्‍याउँदै नेपाली भूमि चीनविरोधी गतिविधिमा प्रयोग गर्न नदिइने स्पष्ट पारे। उनले भने–“नेपाल विगतदेखि नै एक चीन नीतिको पक्षमा दृढ रहँदै आएको छ। हामी वर्तमान र भविष्यमा समेत एक चीन नीतिप्रति दृढ रहने छौं। नेपाली भूमि चीनविरोधी गतिविधिमा प्रयोग गर्न दिइने छैन। यो नेपाल सरकारको प्रस्ट दृष्टिकोण हो।”

नेपालको आर्थिक सामाजिक विकासमा चीनले पुर्‍याएको मूल्यवान सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसङ्घको उद्देश्य तथा सिद्धान्त र पञ्चशीलका सिद्धान्तमा आधारित नेपाल–चीन सम्बन्ध यस क्षेत्रकै शान्ति, स्थायित्व र समृद्धिका लागि महत्त्वपूर्ण रहेको र आफूहरू सोही उद्देश्य प्राप्तिमा निरन्तर लाग्ने विश्वास व्यक्त गरे।

“मैले चिनियाँ नेता, प्राज्ञिक समुदाय र व्यावसायिक समुदायलाई पनि स्पष्ट भनेको छु। नेपालको तर्फबाट लिनुपर्ने पहलकदमी तथा नीतिगत र प्रक्रियागत अवरोध हटाउने काम नेपाल सरकारले गर्नेछ”–प्रधानमन्त्री प्रचण्डले भने–“चिनियाँ पक्षले पनि नेपालसँग आर्थिक, सामाजिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध प्रवर्द्धन गर्न आफ्नो ठाउँबाट भूमिका खेलिदिनुपर्छ। दुवै पक्षको जीत हुने गरी हामीबीच समबन्ध विस्तार गरी दुवै मुलुकको हित प्रवर्द्धन गर्न सकिने ठूलो सम्भावना छ। त्यो सम्भावनालाई पूराका पूरा अवसरमा बदलौं।”

प्रधानमन्त्री प्रचण्डले विगतमा आफू सरकारको नेतृत्वमा रहँदा र चिनियाँ राष्ट्रपति सी जीनपिङको सन् २०१९ मा भएको नेपाल भ्रमण र त्यसपछि पनि भएका विभिन्न द्विपक्षीय भ्रमणका उपलब्धिलाई संश्लेषण गर्दै बिआरआईमा आधारित परियोजना अघि बढाउन नेपाल प्रतिबद्ध रहेको बताए।

चीनले अघि सारेको बिआरआईले २१औं शताब्दीमा पूर्वाधार र आर्थिक विकास परियोजनाको प्रतिनिधित्व गर्ने उनको भनाइ छ। एक दशकमा बिआरआईले अन्तर्देशीयरूपमा विश्व व्यापार, लगानी, सम्पर्क सञ्जाललगायत क्षेत्रमा लगानी प्रवाह गरेको उनको भनाइ छ।

चीनका राष्ट्रपति सी जिनपिङले सन् २०१३ मा अघि सारेको विभिन्न भूगोल, संस्कृति र सभ्यताबीच सम्पर्क सञ्जालको विस्तार गरी लाभ–लाभको सिद्धान्तमा आधारित समावेशी विकासको बृहत् अवधारणा (बिआरआई) का बहुआयामिक पक्षबारे सही जानकारी सम्प्रेषण गर्न कार्यक्रमले भूमिका खेल्नेमा उनले विश्वास व्यक्त गरे।

### ‘रामबाबूको २५ वर्ष ....

बज्रपात आइलाग्यो,” रायले आफ्नो पीडा बताए।

जनकपुरमा केही वर्षदेखि सबै क्षेत्रका व्यापारमा मन्दी छ। त्यसको असर रायले पनि भोगे। सडक विस्तार, आन्दोलन, कोरोना र आर्थिक मन्दीले समस्या भोगेका उनी दशैं आएपछि केही भएपनि राहत होला भन्ने आशामा थिए। त्यसैलाई मध्यनजर गरी केही दिनअघि मात्रै नयाँ सामान ल्याएका थिए।

“समस्या थियो तर पनि हिम्मत हारेको थिइनँ। राम्रा दिन आउने आशामा बसिरहेको थिएँ। दशैं तिहारले केही राहत होला भनेर ऋण गरेर सामान थपे तर अब त उठ्नै नसक्ने गरी सम्पत्ति र सबै सपना खरानी भए,” गम्छाले टिलपिलाएका आँसु पुछ्दै रायले भने, “भगवान ! पीडामाथि पीडा किन दिएको ? अब के गरेर खानु ? कसरी ऋण तिर्नु कुनै विकल्प रहेन मसँग।”

सबैभन्दा दुःखको कुरा त रायले बैंकबाट ऋण लिंदा गरिने बीमाबाहेक सामानको बीमा गरेका छैनन्।

“जायजेथा बेचेर लगानी बढाएँ। २५ वर्ष पसिना बगाएँ। काठमाडौंबाट भूकम्पले विस्थापित गर्‍यो, फेरि उठ्न खोज्दै थिएँ। जनकपुरले त उठीबास नै लगायो, अब कहाँ जाने, कसरी उठ्ने !” रायले निराशा पोखे।

### सिम्रौनगढको सातौं नगरसभा ...

लगाइन्।

सिम्रौनगढ नपामा उपप्रमुख शेहर, प्रमुख कलवार र एकजना वडाध्यक्ष गरी लोसपाका तीनजना छन् भने नेपाली काङ्ग्रेसका आठजना वडाध्यक्ष छन् र उनीहरूको बोर्ड बैठकमा बहुमत छ। पछिल्लो समय अघोषितरूपमा नगरप्रमुख र उपप्रमुखबीच पनि तालमेल मिलिरहेको छैन। यसअघि, असारमा बोलाइएको बैठक पनि यसैगरी स्थगित भएको थियो। आगामी बैठक पनि सफल हुने कुरामा आशङ्का रहेको बताइएको छ।

### शेयर ...

२०८५ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

आज कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु छ करोड ७३ लाख ८१ हजार ५६९ बराबरको शेयर किनबेच भएका छन्।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सानिमा बैंक लिमिटेड प्रमोटर शेयर दुई लाख ५० हजार कित्ता खरीद–बिक्री भएका छन्।

### मिटरब्याज ...

निवेदक/ऋणीले चार करोड १३ लाख ७० हजार मात्र लिएको जनाइएको उनले बताए।

दुवै पक्षलाई राखेर सात करोड २७ लाख ६८ हजार ४७४ मा सहमति गराइएको र सहमतिपूर्वक ऋणीहरूबाट तीन करोड ३९ लाख ५८ हजार पाँच सय असुली भइसकेको तथा अब तीन करोड ८७ लाख ६९ हजार ९२४ दिनुपर्ने बताए।

यो अवधिमा १५ बिघा पाँच कट्ठा ११ धुर (७८ वटा कित्ता) जग्गा फिर्ता गराइएको सप्रजिअ लम्सालले बताए। उनले एक हजार ३२१ वटा मुद्दामध्ये उच्च अदालतबाट १२१ वटा र जिल्ला अदालतबाट ६२ वटा गरी १८३ वटा मुद्दामा निषेधाज्ञा जारी भएको जानकारी गराए।

यसैगरी, चारवटा निवेदनमाथि इलाका प्रहरी कार्यालयहरूमा छलफल भइरहेको उनले बताए।

### सेवा दिन नसकेको ....

पनि माथिल्लो निकायको निर्देशन अनुसार राति ९ बजे एटिएम बन्द गर्ने गरेको बताए।

यद्यपि खुल्ला रहने बेला सेवाग्राहीहरू कहिले रकम अभाव त कहिले लिङ्क फेलको समस्या झेल्दै आइरहेका विषयमा केन्द्रीय तहमाथि दोष थोपार्ने उनको प्रतिक्रियाबाट स्पष्ट हुन्थ्यो।

प्रबन्धक साहले शनिवार बिहान प्राविधिक समस्या हल हुने भने तापनि बिहान १० बजेसम्म सेवाग्राही निराश हुँदै फर्किरहेका देखिए।

सूत्र अनुसार बैंकले दैनिक लिमिट ५० प्रतिशतभन्दा बढी कटौती गरेकोले सेवाग्राहीले सास्ती खेप्नुपरेको अवस्था छ। जस्तै, एटिएममा प्रतिदिन ४० लाख राख्ने लिमिट रहेको बैंकले अहिले १५ लाख लिमिट तोकेको छ। एटिएम खुल्ला हुने तर पैसा नहुने, लिङ्क फेल हुने वा जानीजानी लिङ्क फेल गर्ने अवस्था सेवाग्राहीमाथि अन्याय हो।

आज साँझ साढे छ बजे नेपाल एसबिआई बैंक, आदर्शनगर शाखाको एटिएम बन्द थियो। रकम निकाल्न पुगेका सेवाग्राहीहरूले एटिएम किन बन्द भएको र कति बेला खुल्छ भनी सोध्दा त्यहाँ उपस्थित गार्डले आफूलाई थाहा नभएको बताए। सो एटिएममा कुनै सूचना पनि टाँस नगर्दा सेवाग्राहीहरूको सूचना पाउनुपर्ने हकमाथि बैंक व्यवस्थापन पक्षले बेवास्ता गरेको बुझ्न सकिन्छ।

## डेङ्गुबाट बच्ने उपायहरूः

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेङ्गु लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडा छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड